लेखापरीक्षण प्रतिवेदन

महाबु गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

महावु गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/479

श्रीमान् अध्यक्षज्यू,
महावु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/479

श्रीमान् अध्यक्षज्यू,
महावु गाउँपालिका, गाउँ कार्यपालिकाकोकार्यालय,
दैलेख।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब ११ करोड ९९ लाख ७७ हजारको लेखापरीक्षणबाट रु.५ करोड ११ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ६२ लाख ३० हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.६४ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२६ लाख ९२ हजार र नियमित गर्नुपर्ने रु.२ करोड ५८ लाख १० हजार गरी जम्मा रु.३ करोड ४९ लाख २३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१७ करोड ४ लाख ६९ हजारमध्ये रु.६ लाख ४३ हजार फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.२० करोड ४७ लाख ४९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९८	१३४	५,११,५३,१२८	०	८९	१,६२,३०,०६२	०	९८	४५	३,४९,२३,०६६	६४,२०,८६८	२,५८,०९,९९३	२६,९२,२०६	०	०	२,८५,०२,१९९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दैलेख	१७,०४,६९,३१४	०	६,४३,४३५	१६,९८,२५,८७९	०	३,४९,२३,०६६	२०,४७,४८,९४५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	८६	संघीय विशेष अनुदान	३७,५७०
२	२०८१/८२	४४	भ्रमण खर्च बढी भुक्तानी	५,४००
३	२०८१/८२	६३	बीमा शुल्क भुक्तानी	६५,०८३
४	२०८१/८२	९५	प्रशिक्षक भत्ता	४,७६०
५	२०८१/८२	११०	प्रशिक्षक भत्ता	४७,९४०
६	२०८१/८२	३१	पेश्की वाँकी	१,३३,४३,९७१
७	२०८१/८२	१०१	पाठ्यपुस्तक अनुदान	४७,६४१
८	२०८१/८२	१०३	पदाधिकारी बैठक भत्ता	९९,८७५
९	२०८१/८२	१००	दिवा खाजा	९५,६८५

१०	२०८१/८२	४५	जिन्सी दाखिलाः	३,६०,०००
११	२०८१/८२	९८	छात्रवृत्ती अनुदान	८५,८००
१२	२०८१/८२	९७	कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान	५,००,०००
१३	२०८१/८२	७०	१० शैय्या अस्पताल निर्माण	१५,३६,३३७
१४	२०८०/८१	३५	पाठ्यपुस्तकमा बढी भुक्तानी	६२,७९५
१५	२०८०/८१	२५	गत वर्षको भुक्तानी	४,२०,०००
१६	२०७९/८०	४९	वडा नं २ विद्युत महशुल	१,१९,५२०
१७	२०७९/८०		पाठ्यपुस्तकमा बढी भुक्तानी	२२,२८५
१८	२०७९/८०	३९.१	उपभोक्ता समितिलाई बढी भुक्तानी	१०,८३५
१९	२०७८/७९	४३.१५	आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु	८,०००
जम्मा				१,६८,७३,४९६

महावु गाउँपालिका, दैलेख

(८०६६७५०७३००)

महाबू गाउँपालिका , दैलेख

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महाबु गाउँपालिकाको कार्यालयको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महाबु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ३३ सभा सदस्य, ६ वडा, ११०.८० वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५९ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२४ देखि २०८२।७।२७ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ११ करोड ९७ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,३१,५९८ असुल भइ दाखिला प्रमाण पेश भएको छ।

विवरण	रकम
बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९९४८२४ संघीय सञ्चित कोष दाखिला	९०९५
बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९९१३०२ संघीय सञ्चित कोष दाखिला	२४३१०
बढी भुक्तानी भएको रकम रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९९०७३२ संघीय सञ्चित कोष दाखिला	६१५०
बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९८१५३ संघीय सञ्चित कोष दाखिला	२७२००
बढी भुक्तानी भएको रकम रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९८७४७६ संघीय सञ्चित कोष दाखिला	७७००
बढी भुक्तानी भएको रकम रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९८६८०३ संघीय सञ्चित कोष दाखिला	४०००
बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ८९९९२९१७ संघीय सञ्चित कोष दाखिला	६८००
सामाजिक सुरक्षाको रकम रा.वा.बैंकको मिति २०८२।८।२३ को भौचर नं. ९०१८१०६२ संघीय सञ्चित कोष दाखिला	१४६३४३
जम्मा	**२३१५९८**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय तथा वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत आय व्ययको विवरण र एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहाय बमोजिम रहेको छ ।

२.१ **एकीकृत आय व्यय विवरण**

महाबु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज ,दैलेख
कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np
Email: info@mahabumun.gov.np

आर्थिक बर्ष:- २०८१।०८२

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात		२३०३५४५९.२४	चालु खर्च		२७०९५७५८९.७१
१. सञ्चित कोष	१५२५१९३४.५२		क. पालिकातर्फ	११२१७१६८०.९९	
२. धरौटी	३८६३८४५.३४		ख. संघीय सशर्त	१५४१३१०८३.७२	
३. कार्यसञ्चालन कोष	२२२९०७७.१८		ग. प्रदेश सशर्त	१६५४९५०.००	
४. प्रकोप व्यवस्थापन कोष	१६९०६०२.२०		घ. प्रदेश विशेष	२९९९८७५.००	
यस बर्षको आय			पूँजिगत खर्च		११९८८१५५९.८२
१. आन्तरिक आय			क. पालिकातर्फ	५८९६९८६३.९२	
२. वित्तीय हस्तान्तरण -संघ		३५८९४२२२४.५७	ख. संघीय सशर्त	५६६१९५८.००	
क. समानिकरण अनुदान	७६०६९०४०.००		ग. संघीय विशेष	२२५९२५९७.००	
ख. राजस्व बाँडफाँड	७८१९३९००.८६		घ. प्रदेश सशर्त	२७१४७२४५.९०	
ग. सशर्त अनुदान	१७६२८७०००.००		ङ. प्रदेश विशेष	२१५७५६६.००	
घ. विशेष अनुदान -पुँजिगत	२८३८९८५.००		च. प्रदेश सम्पुरक	३३५२३२९.००	
ङ. रोयल्टी	२४५८.७१		अन्तर सरकारी अख्तियारी -संघ		१२०८३९०४३.००
३. वित्तीय हस्तान्तरण -प्रदेश		५००९१६४५.६६	क. सामाजिक सुरक्षा		
क. समानिकरण अनुदान	९०२००००.००		ख. घरेलु तथा साना उधोग प्रवर्धन के.	३०००००.००	
ख. राजस्व बाँडफाँड	८३६७५०.६६		ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३००००.००	
ग. सशर्त अनुदान	३१७२५०००.००		घ. विद्यालय शिक्षा क्षेत्र योजना	६८००००.००	
घ. समपुरक अनुदान -पुँजिगत	३३५२३२९.००		ङ. एकिकृत स्वास्थ्य पुर्वाधार विकास का	१६९४७१००.००	
ङ. विशेष अनुदान -चालु	५१५७६६६.००		च. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६५६१०३.००	
४. अन्तर सरकारी अख्तियारी-संघ		१२०८३९०४३.००	अन्तर सरकारी अख्तियारी -प्रदेश		७६८०००.००
क. सामाजिक सुरक्षा	९९२२५८४०.००		क. आन्तरिक मामिला तथा कानून म.	७६८०००.००	
ख. घरेलु तथा साना उधोग प्रवर्धन के	३०००००.००		धरौटी फिर्ता तथा सदर स्याहा	५१३९४०.००	५१३९४०.००
ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३००००.००		कार्यसञ्चालन कोष तर्फ		१८९२९६६५.७४
घ. विद्यालय शिक्षा क्षेत्र योजना	६८००००.००		क.प्रकोप व्यवस्थापन कोषबाट भएको ख.	१७०२९८५.००	
ङ. एकिकृत स्वास्थ्य पुर्वाधार वि.का.	१६९४७१००.००		ख. विविध खर्च खाता	१७२२६६८०.७४	
च. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६५६१०३.००		अनुदान फिर्ता		
५. अन्तर सरकारी अख्तियारी-प्रदेश		७६८०००.००	१. संघ तर्फ		२२२९११८६.२८
क. आन्तरिक मामिला तथा कानून म.	७६८०००.००		क. सशर्त अनुदान	१६४९३९५८.२८	
६. धरौटी आय	१८७१६७६.९९	१८७१६७६.९९	ख. विशेष अनुदान	५७९७२२८.००	
७. १० शैया अस्पताल धरौटी CGAS	२०७११७४.००	२०७११७४.००	२. प्रदेश तर्फ		२९२२८०४.००
८. कार्यसञ्चालन कोष आय	१८३७९१३९.२१	१८३७९१३९.२१	क. सशर्त अनुदान	२९२२८०४.००	
९. प्रकोप व्यवस्थापन कोष	१२९२८१०.००	१२९२८१०.००	अन्तिम मौज्दात		२६७३२१८८.४७
१०. स्थानीय राजस्व बाँडफाँड	१११९१६०.००	१११९१६०.००	क. सञ्चित कोषको मौज्दात	१६८५१६४३.२९	
११. आन्तरिक श्रोत	७४९९८१८.३५	७४९९८१८.३५	ख. धरौटी	५२२१५८२.३३	
			ग. १० शैया अस्पताल धरौटी CGAS	२०७११७४.००	२०७११७४.००
			घ. प्रकोप व्यवस्थापन	१२८०४२७.२०	
			ङ. विविध खर्च खाता	३३०८५३५.६५	
जम्मा	५८५९०७४५१.०२	५८५९०७४५१.०२	जम्मा	५८५९०७४५१.०२	५८५९०७४५१.०२

खगेन्द्र कुमारि बि.सी.
वरिष्ठ लेखाअधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२.२ एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०)

महाबु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
कार्यालयको कोड : ८०६६७५०७३००
वित्तीय प्रतिवेदन

म.ले.प.फा.नं. २७०-०१

आ.व. : २०८१/८२ अवधि : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क.स./आर्थिक संकेत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,०७,७९,४८३.७७	0.00	८,०७,७९,४८३.७७	४,७२,३१,२३६.४१	0.00	४,७२,३१,२३६.४१
१३०००	अनुदान		३०,४७,८६,६४४.६२	0.00	३०,४७,८६,६४४.६२	३०,०६,२५,०६०.९५	0.00	३०,०६,२५,०६०.९५
१४०००	अन्य राजस्व		५०,७५,७३८.९१	0.00	५०,७५,७३८.९१	४८,६१,२९९.८२	0.00	४८,६१,२९९.८२
१५०००	विविध प्राप्ति		१७,९६,९९९.००	0.00	१७,९६,९९९.००	२,००,४६३.००	0.00	२,००,४६३.००
क	कुल जम्मा प्राप्ति		३९,२४,३८,८५८.३०		३९,२४,३८,८५८.३०	३५,२९,१८,०६०.१८		३५,२९,१८,०६०.१८
२	चालु		२७,०९,५७,५८९.७१	0.00	२७,०९,५७,५८९.७१	२६,३५,६३,७५०.१६	0.00	२६,३५,६३,७५०.१६
२११००	पारिश्रमिक / सुविधा		१५,०८,५५,७७६.७३	0.00	१५,०८,५५,७७६.७३	१४,५४,४७,६९०.१७	0.00	१४,५४,४७,६९०.१७
२२०००	मालसामान तथा सेवाको उपयोग		६,६१,६१,९६९.९८	0.00	६,६१,६१,९६९.९८	६,८०,३६,३१९.३३	0.00	६,८०,३६,३१९.३३
२५०००	सहायता (Subsidy)		४,७४,६१,५६८.००	0.00	४,७४,६१,५६८.००	४,३१,४२,२९४.८६	0.00	४,३१,४२,२९४.८६
२७०००	सामाजिक सुरक्षा		५३,२६,८०५.००	0.00	५३,२६,८०५.००	५३,१७,४४५.००	0.00	५३,१७,४४५.००
२८०००	अन्य खर्च		११,५१,४७०.००	0.00	११,५१,४७०.००	१६,२०,०००.००	0.00	१६,२०,०००.००
४	पूँजीगत		११,९८,८१,५५९.८२	0.00	११,९८,८१,५५९.८२	११,३२,५९,५७७.६३	0.00	११,३२,५९,५७७.६३
३१११०	भवन तथा संरचना		३,०५,३८,२३१.००	0.00	३,०५,३८,२३१.००	४२,४६,६८६.६४	0.00	४२,४६,६८६.६४
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा फिक्चर्स		३८,२९,८४१.००	0.00	३८,२९,८४१.००	५६,१०,८१७.१२	0.00	५६,१०,८१७.१२
३११३०	अन्य पूँजीगत खर्च		७८,९४,३२९.००	0.00	७८,९४,३२९.००	२५,४६,४२७.००	0.00	२५,४६,४२७.००
३११४०	सुरक्षा उपकरण		३,१६,०००.००	0.00	३,१६,०००.००	0.00	0.00	0.00
३११५०	सार्वजनिक निर्माण		७,४८,७५,९७६.०२	0.00	७,४८,७५,९७६.०२	९,६७,०५,६१६.८७	0.00	९,६७,०५,६१६.८७
३११६०	निर्मितसंरचनाको सुधार खर्च		९,९०,८९३.८०	0.00	९,९०,८९३.८०	0.00	0.00	0.00
३११७०	पूँजीगत सुधार खर्च		१४,३६,२८९.००	0.00	१४,३६,२८९.००	४१,५०,०००.००	0.00	४१,५०,०००.००
ख)	कुल जम्मा भुक्तानी		३९,०८,३९,१४९.५३		३९,०८,३९,१४९.५३	३७,६८,२३,२७७.७९		३७,६८,२३,२७७.७९
ग)	बचत /कमी (ग = क-ख)		१५,९९,७०८.७७		१५,९९,७०८.७७	(२,३९,०५,२१७.६१)		(२,३९,०५,२१७.६१)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको घटबढ (+/-)		१८,९०,१७४.४६		१८,९०,१७४.४६	१९,३५,२६५.६२		१९,३५,२६५.६२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३४,८९,८८३.२३		३४,८९,८८३.२३	(२,१९,६९,९५१.९९)		(२,१९,६९,९५१.९९)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,३२,४२,३०५.२४		२,३२,४२,३०५.२४	४,४८,१०,२८९.५९		४,४८,१०,२८९.५९
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२,६७,३२,१८८.४७		२,६७,३२,१८८.४७	२,२८,४०,३१७.६०		२,२८,४०,३१७.६०

लेखाप्रमुख — खगेन्द्र कुमारि बि.सी. वरिष्ठ लेखा अधिकृत

कार्यकारी अधिकृत — उदयराज उपाध्याय प्रमुख प्रशासकीय अधिकृत

महालेखापरीक्षकको कार्यालय

पालिकाबाट प्रमाणिकरण मिति :

1 of 1

11/11/2025, 8:57 AM

३ लेखाप्रणालीको प्रयोग

सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ। पालिकाले हाल दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध नरहेकाले कार्यक्रम तथा आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन अवस्था देखिएन। एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,९१,४१,४३९।००, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)को रु. ४,८६,०००, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रको रु ३,००,०००।०० ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३६,८६,१०३, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,६९४७१००।०० समेत गरी रु.१२,०५,६०,६४२।०० तथा प्रदेश तर्फ आन्तरीक मामिला तथा कानून मन्त्रालयको रु.७,६८,००० पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को सहायक लेखा टिप्पणी (२७०-६) मा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन पूर्ण नहुँदा पालिकाले तयार गरेको एकीकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समेत खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ ।

संघिय सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीको बजेट, निकासा तथा खर्चको विवरण

बजेट उपशिर्षक	कार्यक्रम	वार्षिक बजेट	निकासा	खर्च
३१४०१०१२३	सामाजिक सुरक्षा तथा संरक्षण	९९२२५८४०	९९१४१४३९	९९१४१४३९
३५००११०१३	विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)	११६६०००	४,८६,०००	४,८६,०००
३०७८१०१४३	घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	३०००००	३०००००	३०००००
३७०००११४३/४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७३००००	३६,८६,१०३	३६,८६,१०३
३७०००११६४	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०४४२०००	१६,९४७,१००	१६,९४७,१००
जम्मा रु		**१२,६२,७६,८४०**	**१२,०५,६०,६४२**	**१२,०५,६०,६४२**

कर्णाली प्रदेश सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीबाट प्राप्त बजेट, निकासा तथा खर्चको विवरण

बजेटउपशिर्षक	कार्यक्रम	वार्षिक बजेट	निकासा	खर्च
३१४०००११३	आन्तरिक मामिला तथाकानून मन्त्रालय	८,६४,०००	७,६८,०००	७,६८,०००
जम्मा रु.		**८,६४,०००**	**७,६८,०००**	**७,६८,०००**

५ **जिम्मेवारी**

पालिकाले गत वर्षमा अन्तिम मौज्दात रहेको रकमलाई यस वर्ष जिम्मेवारी सार्नुपर्दछ ।यस पालिकाले सुत्र प्रणाली मार्फत तयार गरेको स्थानीय सरकारको एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) को परीक्षण गर्दा गत वर्षको मौज्दात रु.२,२८,४०,३१७।६० भएको र यो वर्षको जिम्मेवारी रु. २,३२,४२,३०५।२४ सारेको देखिएको छ। पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन वमोजिम गत वर्षको मौज्दात तथा जिम्मेवारी रकम रु. ४,०१,९८७।६४ वढि जिम्मेवारी सारेको देखिन्छ। पालिकाले यो वर्ष तयार गरेको वित्तिय प्रतिवेदनमा गतबर्षको मौज्दात फरक देखिएको छ । वित्तिय प्रतिवेदनमा फरक मौज्दात प्रस्तुत भएको सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

६ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार स्रेस्ता अनुसार र बैङ्क अनुसारको बैङ्क मौज्दात देहाय अनुसार रहेको छ।

संकेत	कोष खाता	श्रेस्ता अनुसार बाँकी	बैङ्क स्टेटमेन्ट अनुसार बाँकी
ग १.१	आन्तरिक राजस्व खाता	०	०
ग १.२	बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
ग १.३	आन्तरिक अनुदान खाता	०	०
ग ६.१	स्थानीय तह विभाज्य कोष खाता	०	०
ग ४.१	स्थानीय तह सञ्चित कोष खाता	१,६८,५१,६४३.२९	१,६८,५१,६४३.२९
ग ३.१	स्धानीय तह धरौटी खाता	५२,२१,५८२.३३	५२,२१,५८२.३३
ग २.२	चालू खर्च खाता- जोर वर्ष	०	०
ग २.४	पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
ग २.७	विविध खर्च खाता	३३,७८,५३५.६५	३३,७८,५३५.६५
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१२,८०,४२७.२०	१२,८०,४२७.२०
	जम्मा	**२,६७,३२,१८८.४७**	**२,६७,३२,१८८.४७**

७ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति (आय)	यस वर्षको भुक्तानी (व्यय)	बाँकी मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	२३०३५४५९	५६२८७१९९२	५५७१०४०८९	२८८०३३६२
सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२३२४२३०५	३९४३२९०३३	३९०८३९१५०	२६७३२१८८
फरक	-२०६८४६	१६८५४२९५९	१६६२६४९३९	२०७११७४

सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.२७०-१) मा गत वर्षको मौज्दात जिम्मेवारी रु. २,३२,४२,३०५।२४ सारेकोमा पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरणमा गत वर्षको जिम्मेवारी रु. २,३०,३५,४५९।२४ अर्थात् म.ले.प.फा.२७०-१ मा उल्लेख भएभन्दा म्यानुअल तयार भएको वित्तीय विवरणमा रु. २,०६,८४६।- घटी रकम जिम्मेवारी सारेको देखिन्छ । त्यसैगरी सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.२७०-१) मा आ.व.को अन्तमा मौज्दात बाँकी रु.२,६७,३२,१८८।४७ रहेकोमा पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरणमा अन्तिम मौज्दातमा रु.२८८९,०३,३६२।४७ अर्थात् म.ले.प.फा.२७०-१ मा उल्लेख भए भन्दा म्यानुअल्ली तयार भएको वित्तीय विवरणमा रु.२०,७१,१७४।- बढी रकम बैङ्क मौज्दात देखाएको सम्बन्धमा प्रणालीमा उल्लेख भएभन्दा म्यानुअलमा घटी/बढी रकम जिम्मेवारी सार्नुको कारण तथा आधार एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

८ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची -२ मा फिर्ता गर्नुपर्ने अनुदान रु.२,५२,१४,११५.३८, मिति २०८२।०३।३१ मा फिर्ता गरेको विवरण पेश भएको छ । पालिकाले वार्षिक कार्यक्रम र वजेट अनुसार पुँजीगत अनुदानतर्फ रु. ९२ लाख ४९ हजारको कार्यक्रम कार्यान्वियन नगर्दा तोकिएको कार्य लक्ष्यमा असर परेको छ।

सि.न	विवरण	निकासा	खर्च	फिर्ता गर्नुपर्ने रकम	फिर्ता गरेको रकम
१	संघिय अनुदान चालु	१७५४८७०००	१५९७९३०४१.७२	१५६९३९५८.२८	१५६९३९५८.२८
२	संघिय अनुदान पुँजीगत	२९१८९८२५	२२५९२५९७.	६५९७२२८.	६५९७२२८.
३	प्रदेश अनुदान चालु	१९२५१२५	१६५४९५०.	२७०१७५.	२७०१७५.
४	प्रदेश अनुदान पुँजीगत	३८३०९७७०.	३५६५७०१५.९	२६५२७५४.१	२६५२७५४.१
	जम्मा	**२४,४९,११,७२०**	**२१,९६,९७,६०५**	**२,५२,१४,११५.३८**	**२,५२,१४,११५.३८**

९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी हासिल गर्नुपर्ने प्रतिफल तथा उपलव्धी सहितको स्रोत वाँडफाँट गरी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको कार्यवाहक अध्यक्ष श्री मञ्जुकुमारी शर्मा पाण्डेले मिति २०८१।३।१० मा रु.४५,७८,४३,१४९।०४ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा रु.४५,७८,४३,१४९।०४ को अख्तियारी प्रदान गरेको देखिन्छ।

१० बजेट सीमा निर्धारण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले ७ सदस्यिय समितिको गठन गरी मिति २०८१।२।१४ मा वैठक वसी वैठकले रु.४५,७८,४३,१४९।०४ वजेटको सिमा कायम गरेको छ। यसवाट पालिकले कुल सिमा निर्धारण तथा वजेट व्यवस्थापन गरी कानुनले तोकिएको सिमामा विषयगत शाखाको लागि सिमा निर्धारण गरेको भएतापनी वडालाई सिमा कानुन वमोजिमको समयमा उपलब्ध नगराएको तथा कानुनमा भएको क्षेत्रगत सिमा निर्धारण, प्राथमिकिकरण तथा बजेट तर्जुमा दिग्दर्सन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार उक्त समिति २०८१।३।९ मा वैठक वसी क्षेत्रगत वजेट वाँडफाँट गरेको भएतापनी नीति तथा कार्यक्रमको मस्यौदा पेश गरेको देखिएन। यसरी पालिकाले क्षेत्रगत नीति तथा कार्यक्रम तय नगरेको र आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता हुने अवस्था देखिएन। पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा गरी बजेट तथा कार्यक्रम सोको प्राथमिमिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गराउने तर्फ पालिकाको ध्यान दिनुपर्दछ।

१२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना

सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनि देहायका क्षेत्रमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको देखिएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वियनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेतापनी सोको अभिलेख तयार गरेको देखिएन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्वेश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रुपमा लागू गरेको पाईएन,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन,
- स्थानीय तहले अधिकांस निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वियनको अवस्था मुल्याङ्कन गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख तयार गरेको देखिएन,
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन,
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन
- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछर्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन,
- पालिका स्कर्पियो र वोलेरो गरी २ वटा सवारी साधन रहेकोमा विभिन्न मितिमा भाडाको सवारी साधन रिजर्भ गरी भुक्तानी दिने गरेको देखिएकोले खर्चमा मितव्ययीता कायम गरेको देखिएन
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन
- उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा आंशिक दर्ता भएको तथा विजक जारी गरेको पाईएन,
- अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन,
- कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ बमोजिम प्रदेश लेखा इकाइ कार्यालयबाट कर्मचारीको तलवी प्रतिवेदन पारित गराएको पाइएन,
- कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (मलेपफा नं २०२) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन,अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ।

१३ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले ४६ वटा पालिकास्तरीय योजनाको सुची तयार गरेको भएतापनी हालसम्म आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ।

१४ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका १८ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.१,३८,०३,००० वजेट घट गरी कुल ५३ वटा योजना तथा कार्यक्रममा रु.१,४२,७५,३३० वजेट थप रकमान्तर गरेको छ। पालिकाले गाँउसभाको हिउदे वैठकबाट प्रदेशवाट थप भएको तथा वजेट संशोधन गरी योजना थप गरेको जनाएको छ । उक्त रकम शुरु वजेट रु.४५,७८,४३,१४९।०४ को तुलनामा ३.११ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१५ स्थानिय स्रोत नक्साकन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्षसम्म स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०८१।३।२५ को सभाको निर्णयवाट योजना स्विकृत गरी आर्थिक वर्ष २०८१।८२ देखी २०८५।८६ सम्मका लागि प्रथम आवधिक योजना तयार गरी लागु गरेको देखिन्छ। उक्त आवधिक योजनाले “समुन्नत महाबु:सम्मानित महाबुवासी” को दिर्घकालिन सोच निर्धारण गरेको देखिन्छ ।सो सोच हासिल गर्न सामाजिक, आर्थिक, पुर्वाधार, र संस्थागत क्षेत्रको विकास गरी प्रविधीमैत्री एवम सुशासनयुक्त सम्मुन्नत महाबु निर्माणको आधार तयार गर्ने समष्टिगत लक्ष्य निर्धारण गरेको देखिन्छ । पालिकाले स्थानीय तहमा उच्च र दिगो उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि गर्ने,सुशिक्षित, स्वस्थ र आत्मानिर्भर जनशक्ती तयार गर्ने, सहज सडक सुविधा तथा सुरक्षित र व्यवस्थित बसोबास बनाउने,जमिन, हरियाली, र जलस्रोतको दिगो व्यवस्थापन र उत्थानशिलता सुनिश्चित गर्ने,गाउँपालिकाको संस्थागत क्षमता, सेवा प्रवाह र जवाफदेहिताको स्तर वृद्धि गरी सुशासन कायम गर्ने उद्देश्य राखेको छ । जसकालागि यो वर्ष रु.४४,१४,५९,७५३ आय तथा व्यय गर्नुपर्ने योजना अवधिमा कुल रु.२ अर्व ९४ करोड १० लाख खर्च हुने उल्लेख छ ।तथापी पालिकाले पालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गर्नुपर्दछ।

१७ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्मका		**रु. १ लाख देखि ५ लाख सम्मका**		**रु. ५ लाख देखि १० लाख सम्मका**		**रु. १० लाख देखि २० लाख सम्मका**		**रु. २० लाख भन्दा बढीका**		**जम्मा योजना संख्या**
संख्या	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	२०३
३५	२५२२८२०	१२८	२५५६१५८७	२२	२३४०००००	९	१४९४३३८३	९	-_	

उपर्युक्त विवरणअनुसार पालिकाले कुल २०३ योजनामध्ये १६३ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २५ योजनाहरु कार्यान्वियन गरेको देखिएन। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१८ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाको आर्थिक वर्ष २०८१/८२ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण पालिकाका आन्तरिक

लेखापरीक्षक छैठौँ श्री सुरेन्द्र न्यौपानेबाट गराएको छ। तथापी आन्तरिक लेखापरीक्षक वाट त्रैमासिक लेखापरीक्षण प्रतिवेदन तयार नगरी प्रतिवेदन वार्षिक रुपमा तयार गरेको देखियो। तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

१९ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

२० **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ रु.१५,२८,४२,०००.०० बजेट विनियोजन गरी वार्षिक रु.११,९८,८१,५५९.८२ पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ।पालिकाको नीति तथा कार्यक्रम वमोजिम तथा संघिय कार्यक्रम वमोजिम १० शैय्याको अस्पताल स्वास्थ्य भवन निर्माण लगायतका कार्यक्रम बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई मिति २०८२।५।२९ मा प्रतिवेदन तयार गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख गरे वमोजिम जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ ।
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।
- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औंल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको छैन। पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ।

२२ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको र पालिकाको जिम्मामा रहेको सरकारी घर, जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। पालिकाको हालसम्मको घर, जग्गा विवरण तयार नगरेको पालिकाले सबै सम्पत्तिहरूको विवरण अद्यावधिक गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरेको छैन । तथापी लेखापरीक्षणको क्रममा पालिकाले तयार गरेको तेरिज वमोजिम देहाय वमोजिमको सम्पत्ति रहेको र अन्य सम्पत्ति समेत एकिन गरी सोको मुल्य खुलाई घर तथा जग्गाको अभिलेख सार्वजनि सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखाङ्कन गर्नुपर्ने र आफु मातहातमा रहेको सम्पत्तिको एकिन गर्ने, सोको मुल्य खुलाउने तथा सम्पत्तिको संरक्षण र संवर्द्धन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

क्र.स.	कार्यालयको नाम	कित्ता नं	क्षेत्रफल ब.मि	घर
१	४ नं वडा कार्यालय काप्रीखोला	४१७, ४१५, ४१३	४७१२	४ कोठा र १ हल भएको १ तले भवन
२	३ नं वडा कार्यालय भवन बाँसी	४५,७२,२८१	१८९७	४ कोठा १ तले भवन
३	१ नं वडा कार्यालय भवन खरिगैरा	८५,३२२	५७५	३ कोठा र २ हल भएको २ तले भवन
४	२ नं वडा कार्यालय महाबु २	४७२	१८५	४ कोठा १ हल
५	वडाखोला स्वास्थ्य चौकी महाबु २	२०९,२११,१८२	३०३५	मापदण्ड अनुसारको भवन
६	बाँसी स्वास्थ्य चौकी महाबु ३	२५२,२५३,२८२,२७८,२५१	२३०२	१ तले भवन
७	गिताचौर स्वास्थ्य इकाई महाबु ४	९५	४५०	३र ४ कोठे २ वटा भवन भएको
८	महाबु अस्पताल महाबु ४	४४३	६०००	निर्माणाधिन भवन
९	खरीगैरा स्वास्थ्य चौकी महाबु १	३९७,४०८,३९८,४४४	२५००	२ वटा भवन
१०	स्वास्थ्य इकाई एकपाटे महाबु ६	६३२	७६४	६ कोठे १ १/२ तले भवन भएको
११	स्वास्थ्य इकाई टाकुरी महाबु ६	६६४	१०५०	२ वटा पुरानो जस्ता वाला र नयाँ ४ कोठे भवन
१२	स्वास्थ्य चौकी काशिकाँध महाबु ५	१११३, १११९, ११४५	११३०	भवन निर्माणाधिन
१३	स्वास्थ्य चौकी गैंडाबाज महाबु ४	७९०	नखुलेको	३ वटा भवन र १ निर्माणाधिन

२३ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

२४ योजना कार्यान्वयन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ।

पालिकाले सभा मार्फत विनियोजन गरेका योजना मध्ये पुँजिगत तर्फका अनुसुचीमा उल्लेखित २५ योजनाहरु यो वर्ष कार्यान्वयननै गरेको देखिएन। बजेट विनियोजन भएका योजनाको कार्यान्वयन गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका र्यान्वयन गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यो बर्ष पालिकाको रु.१४,०४,८४,७६३ पुँजिगत खर्च भएको चौथो त्रैमासिकमा कुल पुँजीगत खर्च मध्ये रु.१०,५०,५९,९४१ अर्थात कुल खर्चको ७४.७८ प्रतिशत तथा आषाढ महिनामा मात्र रु. ८,६१,०३,२३६ अर्थात कुल खर्चको ६१.२९ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

क्र. सं	बजेट शीर्षक उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	पालिका पुँजीगत	५८९६९८६३.९२	२१५४३४८.८	६३००३२१.१२	१०५४६८७७	३९९६७३१७	३००२६६७६
२	संघीय शशर्त पुँजीगत	५६६१९५८	०	०	०	५६६१९५८	५६६१९५८
३	संघीय विशेष पुँजीगत	२२५९२५९७	०	६२६०४०	२६३४५१०	१९३२२०४७	१७६७३९९८
४	एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	१६९४७१००	०	०	०	१६९४७१००	१६९४७१००
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६५६१०३	०	०	०	३६५६१०३	३६५६१०३
५	प्रदेश शशर्त पुँजीगत	२७१४७२४५.९	०	१२४००००	९१३२४१९	१६७७४८२६	१०९८४६४७
६	प्रदेश विशेष पुँजीगत	२१५७५६६	०	०	११४२१२०	१०१५४४६	१०१५४४६
७	प्रदेश समपुरक पुँजीगत	३३५२३२९	०	०	१६३७१८५	१७१५१४४	१३७३०८
जम्मा		**१४०४८४७६३**	**२१५४३४९**	**८१६६३६१**	**२५०९३१११**	**१०५०५९९४१**	**८६१०३२३६**
खर्च प्रतिशत		**१००.००**	**१.५३**	**५.८१**	**१७.८७**	**७४.७८**	**६१.२९**

२६ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाक्षेत्रमा वन कार्यालयको अभिलेख वमोजिम ३६ वटा सामुदायिक वन रहेको छ। पालिका अन्तर्गत कुनैपनी सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत नगरेको जनाएको छ। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन र प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२७ सेवाप्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये

पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

क्र.सं.	विवरण	सेवा प्रासिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	१०७४	१०७४
२	घरबाटो सिफारिस	१२८	१२८
३	नाता प्रमाणित	३३६	३३६
४	जन्म,मृत्यु दर्ता	९३६	९३६
५	अन्य	२५६२	२५६२
६	व्यवसाय रजिष्ट्रेसन	६	६
७	व्यवसाय नविकरण	१५	१५
८	घ वर्गको इजाजत नविकरण	१८	१८

२८ **सहकारी नियमन र विवरण दाखिला**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म १५ वटा सहकारी संस्थाहरु दर्ता भएका छन्। पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये १२ सहकारीले प्रणालीमा दर्ता रहेकोमा कुनैपनि सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको वार्षिक विवरण अद्यावधिक गरेका छैनन् । पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बचत तथा ऋण सहकारी संस्था २, बहुउद्देश्यीय सहकारी संस्था ४ र अन्य संस्था ९ रहेका छन् । पालिकाले यस वर्ष कुनैपनि सहकारीहरुको अनुगमन गरेको देखिएन। पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विधमान कानुन र सुचना प्रणालि वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

२९ **संगठन तथा कर्मचारी व्यवस्थापन**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा संगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र कार्यपालिकाको सिफारिसमा सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले एक महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश अभिलेखालयमा पठाउनुपर्ने उल्लेख छ। उक्त व्यवस्था वमोजिम पालिकाले गाँउसभाको मिति २०८१।१०।०८ मा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण स्विकृत गरेको देखिन्छ। पालिकाले संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गरी हाल कायम रहेको दरबन्दी संख्या, दरबन्दी थप गर्नुपर्ने कारण, थप दरबन्दी संख्या र थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुपर्ने र सोको जानकारी मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालय र प्रदेश अभिलेखालयमा पठाउनुपर्नेमा हालसम्म सो गरेको देखिएन।पालिकामा स्थानीय तह गठन हुँदाका वखत पालिका तर्फ ४१ र स्वास्थ्य तर्फ २५ तथा कृषि समेत ६६ कर्मचारीको दरवन्दी रहेकोमा प्रमुख प्रशासकीय अधिकृत सहित १ जना, समायोजन भएको २९ तथा प्रदेश लोकसेवावाट २५ जना गरी कुल ५५ स्थायी पदपूर्ती भएको देखिन्छ भने प्रशासन अधिकृत, प्रशासन सहायक लगायत ११ पदहरु रिक्त रहेको छ । सो वाहेक विभिन्न पदका ६८ जना (कार्यक्रम

करार १७ जना वाहेक) कर्मचारीहरु करारमा पदपूर्ती गरेको देखिन्छ। स्थानीय सेवा (गठन तथा संचालन) ऐनमा भएको व्यवस्था वमोजिम संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण बमोजिम प्रदेश अभिलेखालयमा पद दर्ता गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३० **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार विभिन्न ११ पदमा ६८ (कार्यक्रम वाहेक) जना कर्मचारीहरु करारमा राखि करार सेवा शुल्क शिर्षकमा वजेट विनियोजन गरी करार सेवा शुल्क शीर्षकवाट पालिका करार तर्फका कर्मचारीलाई रु.२,८१,४८,८४४.४१ खर्च लेखेको छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेक स्वीकृत दरवन्दी नभएको अधिकृत आठौँ १, हे अ पाँचौ १ तथा विभिन्न पदका सहायक चौथो ३२ जना लगायतको विभिन्न ६ पदमा ३३ जना करार नियुक्ति गरी वर्षभरिमा रु. १,२१,३१,८८३ भुक्तानी गरेको छ । पालिकाले स्वीकृत दरवन्दी नभएको पदमा करारमा कर्मचारी राखि तलव भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

पद	कर्मचारी संख्या	तलब भत्ता रु.
मेडिकल अधिकृत	१	१७३८८३७
सहायक कम्प्युटर अपरेटर	४	९५७७२६
अहेव चौथो	१०	३३५००००
अनमी चौथो	१२	४११००००
हेल्थ असिस्टेन्ट पाँचौ	१	३८१९३०
ल्याव एसिस्टेन्ट चौथो	५	१५९३३९०
जम्मा		१,२१,३१,८८३

२१

अनियमित भएको	१,२१,३१,८८३

३१ **पेश्की वाँकी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२५५,२८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **७३,५८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३५८,८५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१६१,४४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१७७,८४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **९९,९७१**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१३२,१९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **७६५,२९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३८५,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४९३,७०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **७६५,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४८४,३३८.७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२२०,७५७.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,०७६,५७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२९९,९१४.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३९६,५९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५३३,५२८.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२,२९५,८९७.७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,३३८,२२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,०२८,३१८.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

३२ **खर्च विश्लेषण**

पालिकाले विनियोजन ऐन, २०८१ बमोजिम वजेटको स्रोतको आधारमा अधिकतम मितव्ययी तवरले वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । पालिकाले गत वर्ष र यो वर्ष विनियोजन गरेको बजेट र खर्चको उल्लेखित शिर्षकमा भएको विनियोजन तथा खर्चको अवस्था देहाय वमोजिम रहेको छ ।

विविरण	वजेट (२०८०/८१)	आ.व २०८०/८१खर्च	वजेट (२०८१/ ८२)	आ.व २०८१/ ८२खर्च	वजेट वृद्वि प्रतिशत	खर्च वृद्वि प्रतिशत
चालु खर्च	३०१३०९६८३.०५	२६३५६३७५०.१६	३०५४७३४७९.०४	२७०९५७५८९.७१	१.३८	२.८१
पुँजिगत खर्च	१४९६०३७४२.५२	११३२५९५४७.६३	१५२८४२०००.	११९८८१५५९.८२	२.१६	५.८५
मसलन्द तथा कार्यालय सामाग्री	७१८६७२०.	६७५०७६८.९९	३५१००००.	३४९४४५२.	-५१.१६	-४८.२४
अन्य कार्यालय संचालन खर्च	४३५१०००.	४०२१०६४.	२०४४९९९.५२	१९२८१४०.	-५३.	-५२.०५
इन्धन कार्यालय प्रयोजन	३१५१३८९.१७	३०३३६५२.	३०६००००.	३०२२२५५.	-२.९	-०.३८
विविध	९७९८१६.	९२८२०६.	१६९३०००.	१६५९४४४.	७२.७९	७८.७८
मर्मत सवारी साधन	१७९५०००.	१७९०२११.	२७५००००.	२७४४२६२.४२	५३.२	५३.२९

उल्लेखित विवरण अनुसार चालुखर्च गतवर्षको तुलनामा बजेट तथा खर्च वृद्धि हुदै गएको देखिन्छ ।पुँजिगत तर्फ गत वर्ष बजेट विनियोजन रु.१४,९६,०३,७४२.५२ रहेकोमा यो वर्ष रु.१५,२८,४२,००० भएको र खर्च समेत ५.८५ प्रतिशत वृद्धि भई रु.११,९८,८१,५५९.८२ भएको र चालु खर्च समेत २.८१ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसवाट पालिकाको पुँजिगत खर्च न्युन हुदै गएको देखिन्छ। पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च ४८.२४ प्रतिशतले न्युन भएको छ भने मर्मत खर्च र विविध खर्च क्रमस ५३.२९ र ७८.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ। पालिकाले आफ्नो आन्तरीक आय तथा स्रोतको विश्लेषण गरी चालु तर्फका खर्चमा नियन्त्रण गर्दै पुँजि निर्माण हुने क्षेत्रमा विनियोजन तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३ प्रशासनिक खर्च

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ (४) मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु.७४,९९,९४३।७५ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्च वापत रु.७,८८,७५,१५२.५४ भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा १०५१.८० प्रतिशत गरेको देखिएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको देखिएन। राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

३४ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष आर्थिक सहायता शिर्षकवाट आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घरोगी, हिंसा पीडित तथा वेचविखनमा परेका महिला, बालबालिका , विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग ,बेवास्तामा परेका जेष्ठ नागरिक तथा प्रकोप व्यवस्थापन कोषवाट प्रकोपजन्य पिडितलाइ न्युनतम रु.५,००० देखी रु.६०,००० सम्म ६९ जना व्यक्तिलाई रु. ८,८१,००० खर्च गरेको छ। पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुका साथै सहायता वितरणको विवरण पालिकाको वेवसाइटमा सार्वजनिक गर्नुपर्दछ ।।

सि नं	शीर्षक वा प्रयोजन	रकम	प्राप्त गर्नेको संख्या
१	आर्थिक सहायता	.२,५३,०००	३०
२	प्रकोप व्यवस्थापन कोषवाट सहायता	६,२८,०००	३९
जम्मा		**८,८१,०००**	**६९**

३५ समानीकरण अनुदानको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले समानिकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु.२,१९,२०,०००.०० वजेट विनियोजन गरी रु.१,६९,१७,६४५.६५ खर्च गरेको देखिन्छ। यस्तो खर्च अधिकांस विभिन्न कार्यक्रम संचालनमा खर्च भएको देखिन्छ। पालिकाले प्राप्त गर्ने समानिकरण अनुदानको रकम पुँजि निर्माण हुने तथा दिर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।नेपाल सरकार वित्तिय समानीकरण अनुदान स्रोतवाट पालिकाले विनियोजन तथा खर्च गरेको केही उदाहरण देहाय वमोजिम रहेका छन् ।

क्र.सं.	कार्यक्रमको नाम	खर्च शीर्षक	विनियोजन	खर्च	खर्च प्रतिशत
१	स्थानीयप्रकोप व्यवस्थापन कोष	२७२१२	१००००००.	१००००००.	१००.००
२	जयन्तीमा.वि. कार्यालय सञ्चालन अनुदान	२५३११	६१३०००.	५९८०००.	९७.५५
३	२४ घण्टाएम्बुलेन्स संचालन	२७२१२	६०००००.	६०००००.	१००.००
४	सामाजिकसुरक्षा भत्ता वितरण तथा व्यवस्थापन	२५३१५	४५००००.	३५७७५०.	७९.५०
५	भैरवमा.वि. संचालन तथा व्यवस्थापनअनुदान	२५३११	४२५०००.	३४८८३४.	८२.०८
६	एक गाउँ एकप्राविधिक तलब साझेदारी	२५३१५	४०००००.	३९९५२०.	९९.८८
७	पाल्तीआ.वि. कार्यालय सञ्चालन अनुदान	२५३११	३४६०००.	३३६०००.	९७.११
८	न्यायीकसमिति कार्यालय व्यवस्थापन	२२३१९	३०००००.	१९६०४९.	६५.३५
९	गाउँपालिकाकोसंगठन तथा व्यवस्थापन सर्वेक्षण	२२४११	३०००००.	२९६१५०.	९८.७२
१०	श्रीने.रा.आ.वि. सुवाकोट सञ्चालन तथा व्यवस्थापन	२५३११	३०००००.	२९८६६७.	९९.५६
११	ने.रा.मा.वि.गिताचौर शिक्षक व्यवस्थापन अनुदान	२५३११	३०००००.	३०००००.	१००.००
१२	प्रधानाध्यापकबैठक सञ्चालन खर्च	२२५१२	२०००००.	१२३८२५.	६१.९१
१३	ने.रा.आ.वि.आटीपाटा सञ्चालन तथा व्यवस्थापन अनुदान	२५३११	२०००००.	१८००००.	९०.००

३६ न्यायिक समितिको कार्यसम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको ३ गरी कूल ८ विवाद दर्ता भएकोमा १ फस्र्यौट भई ७ बाँकी देखिन्छ।पालिकाले विवाद तोकिएको समययमा सम्पन्न हुन नसक्ने कारणमा सबै वडा मेलमिलाप केन्द्रहरु प्रभावकारी नहुनु, पक्षहरु तोकिएको समयमा उपस्थित नहुनु, छुट्टै इजलासको व्यवस्थापन नहुनु ,कर्मचारी अभाव हुनु जस्ता कारण देखिएकाले उक्त समस्यालाई समाधान गरी न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ

सि.नं.	उजुरीको प्रकार	गतवर्षसम्मको बाँकी	यस वर्ष थप	जम्मा	यस वर्ष फस्यौट	फस्यौट हुन बाँकी
जम्मा	४७.१	५	३	८	१	७

३७ कानुन र कार्यान्वियन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली, ४७ वटा कार्यविधि, निर्देशिका लगायत ६९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन। तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ।

३८ सूचना प्रविधी प्रयोग तथा सुरक्षा

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी पालिकाको योजना, सिफारिस, अनुगमन लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वियनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको देखिएन।पालिकाले विगत वर्ष देखिनै रु.११,२०,००० मुल्यका २ सफ्टवेयरहरु प्रयोग गर्दै आएको र यो वर्ष उक्त सफ्टवेयरको मर्मत संभारमा रु.२,१०,१८० भुक्तानी भएको देखिन्छ। पालिकाले प्रयोग हुने सफ्टवेयर संचालन गर्ने कर्मचारी,अनुमतीको प्रमाण तथा डाटा व्याकअपको अवस्था तथा सफ्टवेयरको सुरक्षाका विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन। यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ। अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

क्र सं	कार्यक्रमको नाम	खरिद गरेको वर्ष	सफ्टवेयर खरिद खर्च	यो वर्षको वार्षिक मर्मत सम्भार खर्च	हाल सम्मको मर्मत सम्भार खर्च
१	योजना, सिफारिस, अनुगमन प्रणाली	२०७८	१००००००	११०७४०	११०७४०
२	वेवमा आधारित इलेक्ट्रोनिक हाजिरी व्यवस्थापन प्रणाली	२०७९	१२००००	९९४४०	९९४४०
जम्मा			**११,२०,०००**	**२,१०,१८०**	**२,१०,१८०**

३९ हेभी ईक्वीपमेन्टको आय

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक ब्याकहो लोडर र १ एम्वुलेन्स सञ्चालनमा रहेको छ। पालिकाले व्याकहो लोडर मर्मत यो बर्ष रु. ११,६८,५१९, इन्धनमा रु.२१,९३,६२० तथा कर्मचारी खर्च रु.७,१७,५९० समेत रु.४०,७९,७२९ खर्च भएकोमा रु.२९,८६,०११ आम्दानी भएको देखिन्छ भने एम्वुलेन्स तर्फ मर्मतमा रु. ४,३५,५९८, इन्धनमा रु. २,०५,५४९ तथा कर्मचारी व्यवस्थापनमा रु ३,६८,९५६ समेत रु.१०,१०,१०१ खर्च भएकोमा बर्षभरिमा रु. २,१४,००० आम्दानी भएको देखिन्छ । पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च तुलनामा उक्त उपकरणबाट आम्दानी न्यून रहेको देखिन्छ।तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुली सुधार गर्नुपर्दछ ।

४० **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मेशिनरी औजार भाडा लगायतका २ शिर्षक वाट रु. ९४२३००।०० खर्च भएको देखिन्छ। कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको तथा दिएको अभिलेख राख्नुपर्दछ।

खर्च शिर्षक कार्यक्रम	बजेट	भुक्तानी रकम
२८१४२ घरभाडा	८,००,०००.००	७,९३,३००.००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	१,५०,०००.००	१,४९,०००.००
जम्मा	**९,५०,०००।००**	**९,४२,३००।००**

४१ **नामनामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ६८(घ१) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था छ।पालिकाले पालिकाको धरौटी खाता उल्लेख गरी एकमुष्ठ रु.२,८१,८३७.०५ मौज्दात जिम्मेवारी सार्दै आएको देखिन्छ। उक्त धरौटीको प्रयोजन तथा नामनामेसी खुलेको नदेखिएकोले नियमावलीमा भएको व्यवस्थाको प्रकृया पुरा गरी फिर्ता वा सदरस्याहा गर्नुपर्ने देखिन्छ।

४२ **आन्तरिक लेखापरीक्षणको व्यहोरा**

विपद व्यवस्थापनः पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा विपद व्यवस्थापन वापत खर्च रकम रु २१,०१,१२६।- खर्च देखाएको छ । अधिकाश खर्च त्रिपाल वितरण) बाढी, पहिरो, राहत, चट्याङ् जस्ता क्षेत्रमा खर्च देखाए पनि स्थानिय निति कानुन मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन गरेको देखिदैन। विभिन्न अन्तराष्टिय निकायको साझेदारीमा चेतना मुलक कार्यक्रम सञ्चालन गरेतापनि स्थानिय विपद पुर्व तयारी तथा पुर्व सुचना प्रणालीको खोज तथा उद्दार राहत सामाग्रिको पुर्व भण्डारण वितरण र समन्वय गरेको देखिदैन। विपद जोखिम क्षेत्रको तटबन्ध नदी तथा नियो विपद जोखिम क्षेत्रको पहिचान विपद जोखिम न्युनिकरण सम्बन्धि स्थानिय स्तरका आयोजनाको तर्जुमा कार्यान्वयन अनुगमन र नियमन विपद पछि स्थानिय स्तरको पुनस्थापना र पुननिर्माण विपद सम्बन्धि कार्यक्रम सन्चालन गरेको देखिदैन । पालिकाले भुक्तानी दिदा कार्यपालिका निर्णय/वडाको सिफारिस / क्षतिको बास्तविक मुचुल्का तथा क्षतिग्रस्त ठाँउको अनुगमन तथा मुल्याङ्कन गरी भुक्तानी दिनु पर्दछ । यसर्थ विपद व्यवस्थापन सम्बन्धि पालिका स्तरमा सचेतना कार्यक्रम सञ्चालन गरी विपद जोखिम न्युनिकरण कार्यमा पालिकाले ध्यान दिन जरुरी देखिन्छ ।पालिकाले विपदमा वितरण गरेको राहतको विवरण र अभिलेख पालिकाको वेवसाइटमा सार्वजनिक गर्नुपर्दछ ।

४३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय अनुसार देहाय अनुसार बितरणमुखि कार्यमा खर्च गरेको छ।यस्तो कार्यबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन।तसर्थ वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।यसका केहि उदाहरण देहाय अनुसार छन्:

गो.भौ.नं र मिति	फर्मको नाम	विवरण	रकम
४६४।०८०।१२।२७	उदय श्री ईन्टरप्राईजेज	ब्लाङकेट १८ थान	७६२७६
७०८।०८२।३।१०	हेमराज थापा	डस्पिन-२०थान, डस्ट प्यान-१०थान, र कुचो १०	३५०३०
८०९।०८१।३।१५	मालिका फर्निचर उद्योग	त्रिपाल ३५ थान(१८*२४)	९८८७५
१९।०८१।११।२२	शुभ लक्ष्मी अर्डर सप्लायर्स	त्रिपाल ७९ थान	१५०६२९
४६।०८२।३।२४	शर्मा प्लाष्टिक अर्डर सप्लायर्स	त्रिपाल	६८८१७०
जम्मा			१०४८९८०

४४ **भ्रमण खर्च बढी भुक्तानी (१३२।०८१।८।१५) :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **जिन्सी दाखिलाः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **प्राविधिक कर्मचारी फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।वडागत दरवन्दीमा प्राविधिक कर्मचारी भएको, फिल्डको र कार्यालययको दुवै जिम्मेवारी भएको कर्मचारीलाई कार्य क्षेत्रमा खटिएवापत फिल्ड भत्ता दिन नमिल्ने देखिन्छ। गाँउपालिकाले यो बर्ष पालिकामा कार्यरत १० जना प्राविधिक कर्मचारीहरुलाई १२ महिना वरावरको प्रोत्साहन भत्ता बापत रु. भुक्तानी गरेको देखिन्छ। कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएकोमा पालिकाले प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्वन्धि कार्यविधि, २०८१ तय गरी अधिकृत स्तरको कर्मचारीलाई फिल्डमा खटिएको महिनामा रु.१२०००, सहायक कर्मचारीलाई रु१०००० र वडा कार्यालयका प्राविधिक कर्मचारीलाई रु.८००० का दरले कन्टिजेन्सी खर्चवाट भुक्तानी गर्ने उल्लेख भए वमोजिम यो वर्ष कुल रु.९,६४,००० भुक्तानी भएको छ । आन्तरिक स्रोतको आय न्युन भएको अवस्थामा भत्ता बापत खर्च गरेको रकम पालिकालाई थप व्ययभार पर्न गएको छ। यस्तो खर्च कार्यसम्पादन सुचकाङ्कको आधारमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।

४७ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको वजेट नमुना छनौटका आधारमा विश्लेषण गर्दा यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहाय वमोजिमका ३ शिर्षकमा मात्र रु.१,०१,९७,००० लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न ४५ योजनामा रु. ९३,२५,६१८ खर्च गरेको देखिन्छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

सि नं	शिर्षक	बजेट रकम	संचालीत योजना संख्या	खर्च	कैफियत
१	विभिन्न साझेदारी	५९,९७,०००	१४	५१,५७,१४४.	वेरुजु फिर्ता समेत
२	विविध कार्यक्रम खर्च	७,००,०००	१७	६,६८,४७४	
३	स्थानीय सडक मर्मत तथा स्तरोन्नति (मर्मत सम्भार कोष)	३५,००,०००	१४	३५,००,०००	
जम्मा		**१,०१,९७,०००**	**४५**	**९३,२५,६१८**	

४८ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम ४.८१ र सामाजिक विकास तर्फ सवैभन्दा वढी ५४.०९प्रतिशत खर्च भएको देखिन्छ। पुर्वाधार विकास क्षेत्रमा विनियोजन भएको कुल वजेट रु.८,०४,७४,५०० मध्ये रु.६,०६,२१,१०१.१२ खर्च भै कुल विनियोजनको ७५.३३ प्रतिशत मात्र खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

क्र.सं.	क्षेत्र/ उपक्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत	कुल खर्च मध्येप्रतिशत
१	आर्थिकविकास	२३९७७५००.	२१२८८४२१.९	८८.७८	५.४४
२	सामाजिकविकास	२४०१८३०००.	२११६३५३४१.९७	८८.११	५४.०९
३	पूर्वाधारविकास	८०४७४५००.	६०६२११०१.१२	७५.३३	१५.४९
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	२२६८२०००.	१८८१६५६७.	८२.९६	४.८१
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	९०९९८४७९.०४	७८८७५१५२.५४	८६.६८	२०.१६
कुल जम्मा		**४५,८३,१५,४७९.०४**	**३९,१२,३६,५८४.५३**	**८५.३६**	**१००.**

४९ **खरिद विधि**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजिगत बजेट उपशिर्षकबाट खरिद कार्य गरी रु.१,४०,४८,४७६ खर्च गरेकोमा रु.६,५४,११,५४९ अर्थात् ४६.५६ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु. ५१,६६,८५३, अमानतबाट रु.१४,३९,०८७ र उपभोक्ता समिति मार्फत रु.६,६३,३३,८६४ को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

खरिद विधि	खर्च रकम
खुला बोलपत्र	६,५४,११,५४९
सिलबन्दी दरभाउपत्र	०
सोझै	५१,६६,८५३
अमानत	१४,३९,०८७
उपभोक्ता समिति वा लाभग्राही समुदाय	६,६३,३३,८६४
कन्टीन्जेन्सी	२१,३३,४१०
जम्मा	**१४,०४,८४,७६३**

५० त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई त्रुटि सच्याउने अवधिमा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा त्रुटि सच्याउने अवधिमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा त्रुटि सच्याउने अवधि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५१ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

५२ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची- १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले योव वर्ष रु.२१,३३,४१० कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ। पालिकाले उक्त कन्टिजेन्सीवाट कर्मचारीलाई फिल्ड भत्ता, विज्ञापन प्रकाशन र विविध लगायतमा खर्च गरेको छ।पालिकाले यस्तो खर्च गर्दा कन्टिजेन्सी खर्च सम्वन्धी कार्यविधि तय गरेको समेत देखिएन।कार्यविधि

वनाएर मात्र कन्टिजेन्सी खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।
- महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।
- कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५३ अधुरा योजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा सालवसाली रुपमा सम्झौता गरेका आयोजनाहरु सोही वर्षमा सम्पन्न गरी फरफारख गर्नुपर्नेमा सो नगरी अधुरै रहेको अवस्था छ ।सालवसाली तथा सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न नहुँदा खर्चको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ भने सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन नसकेको छैन। उल्लेखित योजनामा म्याद समाप्त भए पश्चात् निर्माण कार्यको म्याद थप भएको समेत देखिएन भने सम्झौता तथा खरिद नियमावली वमोजिम थप कारवाहीको प्रकृया समेत अगाडी वढाएको छैन । पालिकाले सालवसाली रुपमा ठेक्का व्यवस्थापन गरेका योजनामा वजेटको पर्याप्तता भएको अवस्थामा समेत निर्माण व्यवसायिले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगर्दा संघिय तथा प्रदेश वजेट फ्रिज भएको अवस्था देखिन्छ। उल्लेखित निर्माण कार्यको म्याद थप नभएको, निर्माण कार्य सुचारु नभएको अवस्थाले योजना अलपत्र अवस्थामा रहेको देखिन्छ । पालिकाले सम्झौताका शर्त एवं खरिद कानून वमोजिम निर्माण व्यवसायिलाई जिम्मेवार बनाई निर्माण कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ ।

क्र.सं.	निर्माणकार्य	निर्माणव्यवसायी	संझौतामिति	सम्पन्नगर्नुपर्नेमिति	सम्झौता रकम	योवर्ष सम्मको खर्च	भौतिक प्रगति
१	१० शैया महाबु अस्पताल	मजदुर न्योपाने जेभी फुकोट कालिकोट	२०७७।११।१६	२०८२।३।३०	६२९८०६७९	४६८०८५०६.०६	७० %
२	काशिकाध स्वास्थ्य चौकी भवन निर्माण	धुलिखेल जेके जेभी कोहोलपुर	२०७८।०१।०५	२०८२।३।३०	३५१५५०५८	२८१३१२०६।२३	७५%

५४ जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई हेभि मेशिन, औजार, उपकरणहरुको आवश्यक नपर्ने र श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण, स्काभेटर लगायत हेभी मेसिन प्रयोग गरी सडक खन्ने र कुल लागतको ८० प्रतिशत सम्म निर्माण सामाग्रि खरिद गर्नुपर्ने जटिल प्रकृतिका संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। पालिकाले जटिल संरचना निर्माण कार्य उपभोक्ता समितिबाट

सम्पन्न गराउने कार्यलाई नियन्त्रण गरी यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा हुने गरी वोलपतत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन्।

गो.भौ.नं. र मिति	योजनाको नाम	कार्य सम्पन्न रकम	पालिकावाट भुक्तानी रकम
२९५-०८२।३।१२	२ नं. वडा कार्यालय भवनको तला थप	१६४१८०५	१४४७५००
७०-०८२।३।२२	फागु काँशिकाध वार्ड सडक निर्माण कार्य	१९३८१६०	१५४५६८२

५५ नाफामुलक संस्थालाई अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट नगरी यस बर्ष स्मृति प्रतिष्ठानको भवन निर्माण कार्य र नाफामुलक संस्थालाई पशुपालनको अनुदान दिने कार्यमा खर्च गरेको देखिन्छ । पालिकाले प्रतिष्ठान लगायत अन्य व्यक्तिगत प्रकृतिका योजना छनौट गरी वजेट खर्च गर्ने कार्यलाई नियन्त्रण गरी दीर्घकालीन प्रकृतिका सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने किसिमका योजना छनौट गर्नुका साथै अनुदान दिएका नाफा कमाउने उद्देश्यले स्थापित संस्था वा फर्मलाई अनुदान उपलब्ध गराउदा उक्त संस्थाले पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने वा भविष्यमा उक्त संस्था वा फर्मबाट पालिकाले गरेको लगानी फिर्ता हुने सुनिश्चित हुनुपर्दछ । पालिकाले अनुदान दिएको विवरण पालिकाको वेवसाइटमा सार्वजनिक समेत गर्नुपर्दछ । यस सम्वन्धि केही उदाहरण निम्नानुसार रहेका छन्:

गो.भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम	कार्यको विवरण	कार्य सम्पन्न रकम	पालिकाबाट भुक्तानी रकम
२८१-०८२।३।१२	दिप शिखा कुखुरा फर्म	माछा पोखरी निर्माण	५४२६२०	३९००००
३२८-०८२।३।१६	लक्षुमान गुरुङ मेमोरियल फाउडेसन	अधुरो भवन निर्माण	९०४९४८	७२३७५०

५६ उपभोक्ता मार्फत निर्माण

उपभोक्ता मार्फत निर्मण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत वडा नं २मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु.३९,१८,६५१ को प्राविधिक मुल्याङ्कन गरी उपभोक्ता समितिलाई रु.३६,५६,१०३ भुक्तानी गरेको देखिन्छ। उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा पालिकाले आफ्नै स्वामित्वमा रहने, हस्तान्तरण नहुने र आर सिसि स्ट्रक्चर भएको जटिल संरचना रहेको भवन निर्माण कार्य समेत समितिमार्फत् गराएको देखिन्छ। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समितिमार्फत् सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु.

अनियमित भएको	३६,५६,१०३

५७ निर्माण सामाग्रि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ८५ मा सार्वजनिक निकायले दश लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति वा फर्म संग सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यस बर्ष निम्नानुसार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतका ४ योजनाको श्रमिकवाट निर्माण कार्य गर्दा खपत हुने विभिन्न निर्माण सामाग्रीहरु खरिद कार्य

शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा एउटै फर्मसंग सीमा भन्दा बढी रु. २२,२३,८२६ रकमको सोझै खरिद गरेको देखियो । पालिकाले एउटै फर्मसंग सिमा भन्दा बढी रकमको मालसामान सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

गोभौ नं मिति	आपुर्तकको विवरण	सामाग्रिको विवरण	भुक्तानी रकम
२४ २०८१।१२।२१	न्यु एवी हार्डवेयर एण्ड सप्लायर्स	सिमेन्ट प्लाई तथा डण्डी खरिद	५६१३०८
२२ २०८१।१२।२१	न्यु एवी हार्डवेयर एण्ड सप्लायर्स	सिमेन्ट प्लाई तथा डण्डी खरिद	५६२९१७
२० २०८१।१२।२१	न्यु एवी हार्डवेयर एण्ड सप्लायर्स	सिमेन्ट प्लाई खरिद	६०८६५९
१८ २०८१।१२।२१	न्यु एवी हार्डवेयर एण्ड सप्लायर्स	ग्याविन वक्स	४९०९४२
जम्मा			**२२२३८२६**

अनियमित भएको	२२,२३,८२६

५८ लागत अनुमान र सम्झौता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले सडक निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा सडक विभागको स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा डोलिडारको नर्म्स प्रयोग गरेको देखिन्छ । सडक विभागको नर्म्समा मेसिन द्धारा सवै प्रकारको माटो (All Type of Soil), नरम चट्टान (Soft Rock) र कडा चट्टान (Hard Rock) खन्ने कार्यको लागि छुट्टा छुट्टै नर्म्स उल्लेख भएकोमा पालिकाले डोलिडारको नर्म्स प्रयोग गर्नुका साथै माटो खन्ने काम र नरम चट्टान खन्ने कामको छुट्टा छुट्टै दर विश्लेषण गरी सो दर विश्लेषणवाट आएको दरको औषत दर लिई लागत अनुमान तयार गरेको देखियो । यसरी पालिकाले ठेक्का सम्झौता गरेका सडक निर्माण कार्यमा सडक खन्ने कामको करिव ९५ प्रतिशत सम्म अंश माटो खन्ने काम भएको र वाँकी अंश मात्र चट्टान खन्ने काम भएको अवस्थामा चट्टान खन्ने काम समेतको दरलाई आधार मानि औषत दर कायम गरी लागत अनुमान तयार गर्दा सडक निर्माण कार्य अन्तर्गत माटो खन्ने र नरम चट्टान खन्ने काम ५०/५० प्रतिशत हुनका साथै बढी दर कायम हुन गइ लागत बढ्न गएको देखिन्छ । पालिकाले यस बर्ष सडक निर्माण कार्यको लागि सम्झौता गरेका ठेक्कामा ५८ प्रतिशत देखि ६३ प्रतिशत सम्म घटीमा कवोल गरेको देखिएता पनि सडक निर्माण कार्यको लागि माटो खन्ने र चट्टान खन्ने कामको औषत दर लिई तयार गरेको लागत अनुमान यथार्थपरक छ भन्न सकिने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्सको प्रयोग गरी यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन ।

ठेक्काको नाम	निर्माणव्यवसायीको नाम	लागत अनुमान	सम्झौता रकम	घटी कवोलप्रतिशत
दोवाटो देखि वडा कार्यालय मान्म सडक	दैलेख चामुण्डा निर्माण सेवा	९५७८७८५	३९९७९७०	५८.२६
३ नं. वडा कार्यालय देखि गैडावाज जोड्ने सडक	दैलेख चामुण्डा निर्माण सेवा	९५७८८५६	३४९४१८०	६३.५२

५९ गैडावाज फागु काशिकाध सडक निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्नुपर्ने व्यवस्था छ। पालिकाले गैडावाज फागु काशिकाध सडक निर्माणका लागि ठेक्का नं. MRM/NCB/07 /080-81 मार्फत निर्माण व्यवसायी भिउस निर्माण सेवा विच मूल्य अभिबृद्धि कर समेत रु.९७,५८,४९४।- लागत अनुमान भएको सडक निर्माण कार्यको लागि रु.४०,४३,४५२।- मा २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।९।२४ गते सम्झौता भएकोमा गत बर्ष पहिलो रनिङ विल बमोजिमको रु.२४,६१,१८७।- भुक्तानी भएको देखिन्छ। उल्लेखित निर्माण कार्यको सो समय पश्चात् निर्माण कार्यको म्याद थप नभएको निर्माण कार्यको थप प्रगति नभएको, निर्माण व्यवसायी कार्यालयको सम्पर्कमा नआएकोले उक्त निर्माण कार्यमा थप कुनै प्रगति हुन सकेको देखिएन। उल्लेखित निर्माण कार्यको सम्वन्धमा कार्यालयवाट निर्माण कार्य सुचारु गर्न पत्राचार गरेको भएतापनी म्याद समाप्त भएको १७ महिना सम्मपनी निर्माण कार्य सुचारु गरेको नदेखिएको र व्यवसायीले सडक निर्माण कार्यको लागि कृषि विकास बैंक लिमिटेडको

रु.२३,२०,०००।- को कार्यसम्पादन जमानतको अवधि २०८२।४।३२ सम्म म्याद समाप्त भैसकेकोले सम्झौताको शर्त तथा खरिद कानुन वमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

६० **निर्माण कार्यको विमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी	निर्माण कार्य	सम्झौता रकम	विओक्युमा विमा वापतको रकम	कैफियत
०२/२०८१/८२	महावु सि कन्सट्रक्सन प्राली	वडा नं ४ वडा कार्यालय भवन निर्माण	६२००६७२	५००००	वीमा नगरेको
०३/२०८१/८२	एच के कन्सट्रक्सन	सामुदायिक स्वास्थ्य इकाई टाकुरी भवन निर्माण	२२०१८९२	५००००	विमा नगरेको
०४/२०८१/८२	दैलेख चामुण्डा निर्माण सेवा	३ नं वडा देखी गैडावाज जोड्ने सडक निर्माण	३४९४१८०	५००००	विमा नगरेको

६१ **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष देहाय वमोजिमको निर्माण कार्य गरी नापि किताव तयार गर्दा डण्डीको विस्तृत नापी पश्चात पुन ५/१० प्रतिशत थप गरी २ निर्माण कार्यमा रु.८७,०११ वढि भुक्तानी गरेको देखिन्छ । डण्डिको दर विश्लेषणमा नै कटिङ्ग वेण्डिङ्गको लागि ५ प्रतिशत परिमाण थप भै लागत तयार हुने भएकाले परिमाणमा थप गरि भुक्तानी गरेको रकम रु. ८७,०११ सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी प्रदेश संचितकोष दाखिला गर्नुपर्ने रु.

ठेक्का नं	निर्माण व्यवसायी	निर्माण कार्य	नापी किताव वमोजिम वास्तविक परिमाण	थप परिमाण	दर	वढि भुक्तानी
०२/२०८१/८२	महावु सि कन्सट्रक्सन प्राली	वडा नं ४ वडा कार्यालय भवन निर्माण	८३८९।४०	४१९।४७	१४१।२५	५९२५०
०३/२०८१/८२	एच के कन्सट्रक्सन	सामुदायिक स्वास्थ्य इकाई टाकुरी भवन निर्माण	१८८९।७६	१८८।९०	१४६।९०	२७७६१
जम्मा						८७०११
					असुल गर्नुपर्ने	८७,०११

६२ **काँशिकाध स्वास्थ्यचौकी निर्माण**

पालिकाले स्वास्थ्यचौकी भवन निर्माणका लागि ठेक्का नं. MRM/NCB/W/2077-78 मार्फत निर्माण व्यवसायी धुलिखेल जे.के.जे.भि. संग रु. ३,५१,५५,०१८।- (मूल्य अभिवृद्धी कर समेत) मा २०७९असार मसान्तमा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।१।५ मा सम्झौता भएको छ । यस बर्ष सम्म रु. २,८१,३३,२०५।- भुक्तानी भई निर्माणाधिन रहेको ठेक्का फाइलको सम्वन्धमा देखिएका बेहोरा देहाय वमोजिम छन्

६२.१ **एकमुष्ठ भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले स्वास्थ्य चौकि निर्माण कार्यको वि.ओ.क्यूमा निम्नानुसार कामको परिमाण एकमुष्ठ राखेकोमा तेस्रो विलको भुक्तानी दिदा विस्तृत नाँप जाँच गरी नापी कितावमा उल्लेख गर्नुपर्नेमा वि.ओ.क्यू.मा उल्लेख भए बमोजिमको रकमको ६० प्रतिशतले हुने रकम भुक्तानी दिएको छ । निर्माण कार्यको वि.ओ.क्यूमा. राखेको लम सम आईटमको प्राविधिक स्पेसिफिकेसन बमोजिम कार्य सम्पन्न भएको प्रत्येक कार्यको विस्तृत नाप जाँच गरी नापी कितावमा उल्लेख गरी बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा स्यानिटेसन र ईलेक्ट्रिफिकेसनको कामको लागि उल्लेख भएको रकमको ६० प्रतिशतले हुने रकम एकमुष्ठ परिमाण र रकम उल्लेख गरी निम्नानुसार कामको रकम भुक्तानी दिएकोले उल्लेखित कार्यको विस्तृत नाँप जाँच गरी प्रमाण पेश गर्नुपर्ने रु.

कामको विवरण	वि.ओ.क्यूमा उल्लेखित रकम	वि.ओ.क्यूको परिमाण	भुक्तानी परिमाण	भुक्तानी रकम
Sanitary Works All Complete	१७०००००	१	०.६०	१०२००००
Electrical Works All Complete	१३०००००	१	०.६०	७८००००
जम्मा				**१८०००००**

प्रमाण पेश नगरेको	१८,००,०००

६२.२ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले भवन निर्माण कार्यमा ईट्टाको गारोको कामको परिमाणको नापी गर्दा लिन्टेल व्यान्ड र सिल व्यान्डको क्षेत्रफल घटाई नापी गर्नुपर्नेमा नापी कितावमा उक्त आईटमको परिमाण आंशिक रुपमा घटाएको देखिन्छ । अत : ईट्टाको गारो लगाउने कामको नापी गर्दा निम्नानुसार ५.६८ घ.मि. लिन्टेल र सिल व्यान्डको परिमाण घटाएको नदेखिएकोले ईट्टाको गारो लगाउने कामको प्रति घन मिटर रु. १६,५००।- दरले हुने रु. ९३,७२०।- र सोको मूल्य अभिबृद्धी कर रु.१२,१८४।- समेत रु. १,०५,९०४।- बढी भुक्तानी भएको छ । पालिकाले बढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

विवरण	घटाउनु पर्ने परिमाण	घटाएको परिमाण	फरक परिमाण
स्वास्थ्यचौकी भवन (ग्राउण्ड फ्लोरको)	३.७९ घ.मि.	२.८ घ.मि.	०.९९ घ.मि.
आवास भवन	४.६९ घ.मि.	०	४.६९ घ.मि.
जम्मा			**५.६८ घ.मि**

असुल गर्नुपर्ने	१,०५,९०४

६२.३ **पेश्की बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई खरिद ऐनको दफा ५२(क) को अधिनमा रहि खरिद सम्झौतामा व्यव्था भएबमोजिम पेश्की दिन सकिने उल्लेख छ । निर्माण व्यवसायीसंग भएको भवन निर्माण कार्यको खरिद सम्झौताको विशेष शर्तको GCC 57.1 मा सम्झौता रकमको २० प्रतिशत पेश्की भुक्तानी दिन सकिने उल्लेख छ । खरिद सम्झौतामा उल्लेखित शर्त बमोजिम पालिकाले खरिद सम्झौता रकम रु. ३,५१,५५,०१८।- मा मुल्य अभिबृद्धि कर र प्रोभिजनल समको रकम घटाई बाँकी रकम रु. ३,०९,४६,००७।- को २० प्रतिशतले हुने रु. ६१,८९,२००।- पेश्की रकम भुक्तानी दिनुपर्नेमा रु. ७०,२०,०००।- भुक्तानी दिएकोले रु.८,३०,८००।- बढी पेश्की भुक्तानी दिई यस बर्ष सम्म उक्त पेश्की फर्स्यौट गरिसकेको छ । पालिकाले कुल सम्झौता रकममा मुल्य अभिबृद्धि कर र प्रोभिजनल समको रकम घटाई बाँकी रकमको मात्र तोकिए बमोजिमको दरमा पेश्की भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६२.४

भेरिएसन बेगर भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन सम्वन्धी व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ विलको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले भवन निर्माण अन्तर्गत निम्नानुसार कार्यको खरिद सम्झौताको बि.ओ.क्यू. मा उल्लेख भएको परिमाण भन्दा भेरिएसन आदेश स्वीकृत वेगर बढी परिमाणको कार्यको भुक्तानी दिएको देखिन्छ । यसरी सम्झौताको बि.ओ.क्यू. मा उल्लेखित कार्यको परिमाण भन्दा बढी परिमाणको भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

कामको विवरण	वि.ओ.क्यूको परिमाण	भुक्तानी भएको परिमाण	बढी परिमाण	दर	रकम
Site Preparation	738.92 Sq. m	**1780 Sq.m**	1041.08 Sq.m	10	10410
E/W Excavation	964 Cum.	18373.34 Cum.	17408.35 Cum.	120	2089002
Earth Filling	90.73 Cum	1325.16 Cum.	1234.43 Cum.	100	123443
जम्मा					**2222855**

अनियमित भएको	२२,२२,८५५

६२.५ **म्याद थप तथा कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिम सम्झौताको अबधि भित्र तोकिएको कार्य पुरा गर्न नसक्ने भएमा सम्वन्धित निर्माण व्यवसायीले निर्धारित अबधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी म्याद थपको लागि निवेदन दिनुपर्ने र कार्यालयले निवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी म्याद थप गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशत नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ। पालिकाले २०७९ असार मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।१।५ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले २०७८ फागुन सम्ममा दोस्रो रनिङ विल सम्मको रकम भुक्तानी लिएको र २०७९ असार मसान्तमा म्याद समाप्त भएकोमा सो पश्चात निर्माण कार्यको म्याद थप र आर्थिक बर्ष २०७९।८० र २०८०।८१ मा कुनै पनि विलको भुक्तानी समेत भएको देखिएन तर निर्माण व्यवसायीले २०८२।१।२२ मा म्याद थपको लागि निवेदन दिएकोमा पालिकाले २०८२ असार मसान्त सम्म म्याद थप गरी २०८२।३।२५ मा तेस्रो रनिङ विलको रकम भुक्तानी दिएको देखिन्छ । पालिकाले म्याद थप गर्दा सम्वन्धित निर्माण व्यवसायीले निर्धारित अबधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरेको अवस्थामा मात्र म्याद थप गर्नुपर्नेमा निर्माण व्यवसायीले म्याद थप गर्नुपर्ने अबधिको वीमाको म्याद थप गरेको प्रमाण पेश नगरेको अवस्थामा समेत म्याद थप गरेको नियमसम्मत देखिएन । पालिकाले २०८२ असार मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेकोमा अवस्थामा समेत कार्य सम्पन्न गर्न सकेको देखिएन भने २०८२ असार मसान्त पश्चात उक्त ठेक्काको म्याद थप समेत गरेको देखिएन ।समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार वनाई कार्य सम्पन्न गराउनुपर्दछ।

६२.६ **डण्डीको कार्यमा वढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्यचौकी भवन निर्माण कार्यको भुक्तानी गर्दा नापि कितावमा डण्डिको कार्यमा वास्तविक नापी पश्चात पुन ५ प्रतिशत थप भनि डण्डीको परीमाण थप गरी निर्माण कार्यको मूल्याङ्कन गरी भुक्तानी गरेको देखियो । पालिकाले दर विश्लेषण गर्दा निर्माण सामाग्रि (डण्डी) मा १ मेट्रिकटनको लागि १.०५ मेट्रिकटन डण्डिको लागत समावेश गरेकोमा पुन बास्तविक नापी भएको परिमाणमा ५ प्रतिशत थप गरी भुक्तानी गर्न मिल्ने नदेखिएकाले थप गरी भुक्तानी गरेको परिमाण १४४९.५८ के.जि. को प्रति के.जि. रु. १०८ को दरले हुने रु. १,५६,५५५।- र सोको मूल्य अभिबृद्धी कर रु.२०,३५२।- समेत रु. १,७६,९०७।- वढि भुक्तानी गरेको रकम सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,७६,९०७

६२.७ **पेश्की फर्स्यौट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ ।त्यसतै निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको SCC को GCC 57.3 मा निर्माण कार्यको ३० प्रतिशत भन्दा बढी कार्य भएमा प्रत्येक रनिङ विलबाट ४० प्रतिशतले पेश्की कट्टी गर्नुपर्ने र सम्झौता अबधिको ८० प्रतिशत समय भित्र सबै सबै पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई २०७८।३।२२ मा रु. ७०,२०,०००।- पेश्की दिएकोमा सम्झौता बमोजिम निर्माण सम्झौता अबधिको ८० प्रतिशतले हुने समय (२०७८ चैत्र महिना) व्यतित भइसकेको अवस्थामा उक्त पेश्की फर्स्यौट नगरी दोस्रो रनिङ विलमा कट्टा गरेको पेश्की रु. १२,००,०००।- वाहेकको बाँकी पेश्की २०८२।३।२५ मा मात्र फर्स्यौट गरेको देखिन्छ । पालिकाले निर्माण कार्यको सम्झौतामा उल्लेख भए बमोजिमको अनुपात र अबधि भित्र पेकी फर्स्यौट गर्नुपर्दछ।

६३ **बीमा शुल्क भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६,८५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ **सडक निर्माण कार्य**

सडक खन्ने कामको बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले सडक विभागबाट स्वीकृत Norms For Rate Analysis For Road and Bridge Works को Section 905 र सडक विभागको मिति २०७७।१२।३१ को निर्णय अनुसार स्वीकृत Norms/Rate of Plant and Machinery for Estimating Guideline बमोजिम दर विश्लेषण गरी मेसिनबाट सडक खन्ने कामको लागत अनुमान तयार गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गरी मेसिनबाट सडक खन्ने कामको लागत अनुमान तयार गरी विभिन्न सडक निर्माण कार्यको काम कोटेसन माग गरी खरिद कार्य सम्पन्न गरेको छ । सडक विभागको स्वीकृत नर्म्स र दैलेख जिल्लाको स्वीकृत आर्थिक बर्ष २०८१।८२ को जिल्ला दर रेट अनुसार दक्ष कामदारको ज्याला प्रति दिन रु. ११५०, अदक्ष कामदारको ज्याला रु. ८५०, डिजेलको मुल्य प्रति लिटर रु. १०९.७३ र एक्साभेटरको ईन्धन बाहेकको भाडा प्रति घण्टा रु. ३००३ राखी सडक खन्ने कामको दर विश्लेषण गर्दा १५ प्रतिशत ओभरहेड समेत All Type of Soil को प्रति घन मिटर रु.९९.६६, Soft Rock को प्रति घन मिटर रु. २९८.९९ र Hard rock को प्रति घन मिटर रु. २६७०.०१ दर कायम हुनेमा पालिकाले फरक नर्मसको प्रयोग गरी Hard Soil खन्ने कामको प्रति घन मिटर रु. १३३, Soft Rock को रु.२५२, Medium rock को रु. ४२२ र Hard Rock को रु. १५२७ कायम गरी सोही बमोजिम लागत अनुमान तयार गरी कार्य सम्पन्न गराएको छ । सडक विभागको नर्म्स अनुसार All Type Of Soil Excavation कार्यको लागि प्रति घन मिटर रु. ९९.६६ दर कायम हुनुपर्नेमा पालिकाले डोलिडारको नर्म्स प्रयोग गरी Hard Soil Excavation प्रति घन मिटर रु. १३३ र Soft Rock Excavation को प्रति घन मिटर रु. २५२ दर कायम गरी उल्लेखित २ दरको औषत दर रु. १९२.५ कायम गरी कोटेसन मार्फत कार्य सम्पन्न गराउदा निर्माण व्यवसायीले लागत अनुमान हाराहारीमै दर रेट पेश गरेकोले निम्नानुसार कार्यमा बढी भुक्तानी हुन गई थप व्ययभार परेको छ । थप व्ययभार पर्ने गरी लागत अनुमान तयार गरी भुक्तानी दिदा थप व्ययभार परेको (रु.८,६५,९९६।- मध्ये असुली बेरुजुमा कायम भएको रु.५,५३,३२१।- बाहेकको) रु.३१२,६७५।- नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.र मिति	निर्माणव्यवसायीको नाम	निर्माण कार्यकोनाम	माटो खन्ने कामकोपरिमाण (घ.मि.)	हुनुपर्ने दर	भएको दर	फरक दर	बढी भुक्तानी रकम
२२९।०८२।३।१२	महावु सिंह कन्स्ट्रकसनप्रा.लि.	बराहथानदेखि शिव आ.वि.सडक	२२२१.९८	९९.६६	१९२	९२.३४	२०५१७७
		कालिका देखि लोसे टोल मोटरबाटो निर्माण	१३३१.६२	९९.६६	१९२	९२.३४	१२२९६२
३५८।०८२।३।२०	बडावनकन्स्ट्रकसन एण्ड सप्लायर्स	दाम्भाबाल्टावारी सडक निर्माण	२२२१.९७	९९.६६	१९२	९२.३४	२०५१७७
३८१।०८२।३।२२	आर.एन.वि.कन्स्ट्रकसन सेवा	उत्तिसेनिटाकुरी सडक निर्माण	३६०२.७७	९९.६६	१९२	९२.३४	३३२६८०
जम्मा							८६५९९६

अनियमित भएको	३,१२,६७५

६५ **उपभोक्ता समितिलाई बढी भुक्तानी(७०-०८२।३।२)**

सडक विभागको नर्म्स अनुसार उपभोक्ता समितिमार्फत सम्पन्न गरिने सडक निर्माण कार्यको All Type Of Soil Excavation को लागि प्रति घन मिटर रु. ९६.५८ दर कायम हुनुपर्नेमा पालिकाले फरक नर्म्स प्रयोग गरी Hard Soil Excavation प्रति घन मिटर रु. १२२ र Soft Rock Excavation को प्रति घन मिटर रु. २४१ दर कायम गरी उल्लेखित २ दरको औषत दर रु. १८१.५० कायम गरी फागु काशिकाध वडा सडक मर्मत कार्य उपभोक्ता समितिमार्फत गराएकोले बढी भुक्तानी हुन गएको छ । निर्माण कार्यको लागत अनुमान र नापी किताबको Detail Measurement Sheet मा All Type Of Soil को परिमाण मात्र उल्लेख गरेको अवस्थामा दर कायम गर्दा माटो खन्ने र नरम चट्टा खन्ने कार्यको दरको औषत दर कायम गरी भुक्तानी दिदा सडक विभागको नर्म्स बमोजिम हुने दर भन्दा प्रति घन मिटर रु. ८४.९२ ले बढी भुक्तानी हुन गएकोले माटो खन्ने कार्यको परिमाण ५९६१.७६ घन मिटरको रु. ५,०६,२७२।- बढी भुक्तानी भएको रकममा उपभोक्ताको अंश २०.२५ प्रतिशतले हुने रकम घटाई बाँकी रकम फागु काशिकाध वडा सडक स्तरोन्नती उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,८२,८९३

६६ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम २(क)१ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनूरुप निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था भएमा सार्वजनिक निकायले कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष ठेक्का नं. ४ -०८१। ८२ को दोवाटो देखि वडा कार्यालय मान्म सम्म सड कनिर्माण कार्यको लागि निर्माण व्यवसायी दैलेख चामुण्डा निर्माण सेवासंग रु. ३९,७८,७८५।- मा २०८२।३।१५ सम्मा कार्य सम्पन्न गर्ने गरी २०८१।७।२८ मा सम्झौता गरेको देखिन्छ । निर्माण व्यवसायीसंग सम्झौता भएको यो ठेक्काको ५.७८० किलो मिटर (१३३७२ घन मिटर) सडक खन्ने कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले सम्झौता रकमको करिव ८० प्रतिशत र ९९०० घन मिटर मात्र सडक खन्ने कार्य सम्पन्न गरेको अवस्थामा पालिकाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु. ३१,५५,६७२।- भुक्तानी दिएको छ ।पालिकाले ठेक्काको सम्झौता बमोजिम तोकिएको कार्य सम्पन्न नभएको तथा निर्माण कार्यको ९० प्रतिशत भन्दा घटी कार्य भएको अवस्थामा समेत कार्य स्वीकार गरी अन्तिम विलको रकम भुक्तानी दिएको नियमसम्मत देखिएन रु.

अनियमित भएको	३१,५५,६७२

६७ **सडक खन्ने कामको बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले डोलिडारको नर्म्सको प्रयोग गरी मेसिनबाट सडक खन्ने कामको लागत अनुमान तयार गरी विभिन्न सडक निर्माण कार्यको काम कोटेसन माग गरी खरिद कार्य सम्पन्न गरेको छ । पालिकाले

डोलिडारको नर्म्स प्रयोग गरी Hard Soil खन्ने कामको प्रति घन मिटर रु. १३३ र Soft Rock को रु.२५२ कायम गरी उक्त दुई रेटको औषत दर रु. १९२ कायम गरी सोही बमोजिम लागत अनुमान तयार गरी कार्य सम्पन्न गराएको छ । पालिकाले सडक निर्माण कार्यमा सडक खन्नुपर्ने Hard Soil र Soft Rock को अनुपातमा सडक खन्ने कामको दर कायम गर्नुपर्नेमा Hard Soil र Soft Rock को दरलाई २ ले भाग गरी औषत दर प्रति घन मिटर रु. १९२ कायम गर्दा Hard Soil र Soft Rock को अनुपात ५०/५० प्रतिशत हुन गएको छ । पालिकाले तयार गरेको लागत अनुमान र नापी किताबको विस्तृत विवरणमा Soft Rock को कामको परिमाण उल्लेख नगरेको अवस्थामा Hard Soil को मात्र दर राखी लागत अनुमान तयार गर्नुपर्नेमा औषत दर राखी लागत अनुमान तयार गरी भुक्तानी दिदा बढी भुक्तानी हुन गएको छ । पालिकाले कोटेसन मार्फत कार्य सम्पन्न गराउदा निर्माण व्यवसायीले लागत अनुमान हाराहारीमै दर रेट पेश गरेकोले निम्नानुसार कार्यको लागत अनुमान र नापी किताबको विस्तृत विवरणमा Soft Rock खन्ने कामको परिमाण उल्लेख नभएकोले माटो खन्ने कामको दर प्रति घन मिटर रु. १३३ को दरले भुक्तानी हुनुपर्नेमा औषत दर रु. १९२ को दरले भुक्तानी हुँदा निम्नानुसार योजनामा प्रति घन मिटर रु. ५९ को दरेले रु. बढी भुक्तानी भएको छ ।बढी भुक्तानी भएको रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

गो.भौ.नं.र मिति	**निर्माणव्यवसायीको नाम**	**निर्माण कार्यकोनाम**	**माटो खन्ने कामकोपरिमाण (घ.मि.)**	**बढी भुक्तानी दर**	**बढी भुक्तानी रकम**
२२९।०८२।३।१२	महावु सिंह कन्स्ट्रकसनप्रा.लि.	बराहथानदेखि शिव आ.वि.सडक	२२२१.९८	५९	१३१०९७
		कालिका देखि लोसे टोल मोटरवाटो निर्माण	१३३१.६२	५९	७८५६५
३५८।०८२।३।२०	बडावनकन्स्ट्रकसन एण्ड सप्लायर्स	दाम्भाबाल्टावारी सडक निर्माण	२२२१.९७	५९	१३१०९६
३८१।०८२।३।२२	आर.एन.वि.कन्स्ट्रकसन सेवा	उत्तिसेनिटाकुरी सडक निर्माण	३६०२.७७	५९	२१२५६३
जम्मा					**५५३३२१**

असुल गर्नुपर्ने	५,५३,३२१

६८ सामाग्री खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारको व्यक्तिगत प्रयोजनका सामाग्री खरिद गरेको विल मात्र पेश गरी देहाय वमोजिम रु २३९७४१ भुक्तानी गरेको देखिन्छ । यसरी व्याक्तिगत खाद्य सामाग्री खरिद गरी भुक्तानी गरेको नियम सम्मत देखिदैन । यस सम्वन्धमा छलफल गर्दा विभिन्न कार्यक्रम गर्दा खाना तथा खाजाको लागि सामाग्री खरिद गरी भुक्तानी गरेको पालिकाले जनाएको छ ।

गो.भौ.नं।मिति	व्यक्ति/पार्टी	विवरण	रकम
४६२।०८१।१२।२५	हाम्रो पाण्डे जनरल स्टोर्स	चामल,दाल,तेल,नून आदि सामाग्री खरिद।	१५९४०
८२८।०८२।३।१६	रेग्मी तरकारी तथा फलफुल व्यवसाय	उपाध्यक्षक आवासमा खाना, खाजाका लागि विभिन्न विल भुक्तानी।	५८७५५
९८९।०८२।३।२४	हाम्रो पाण्डे जनरल स्टोर्स	चामल,दाल, नून. तेल, अण्डा चिनी आदि सामाग्री खरिद।	५१२१०
	पदम कृषि तथा पशुपंछी तथा तरकारी पसल	आटा,चामल,दाल, अण्डा, ग्यास आदि सामाग्री खरिद।	८९६०५
	चक्र प्रसाद पाण्डे	खाद्य सामाग्री खरिद विभिन्न विल पेश ।	२४२३१
जम्मा			२३९७४१

अनियमित भएको	२,३९,७४१

६९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सुत्रको विवरण अनुसार पालिकाले यस बर्ष बजेटमा समावेश गरी ९ शिर्षक/कार्यक्रमको गत बर्षको भुक्तानी दिन बाँकी रकम रु.२८७९८८१. यस बर्ष भुक्तानी दिएको देखिन्छ ।पालिकाले बहुबर्षिय खरिद सम्झौता बाहेकको साल वसाली रुपमा सम्झौता भएका कार्यको समेत वजेटमा समावेश गरी सभामाबाट पारित भई यस बर्ष भुक्तानी दिएको छ। पालिकाले बहुवर्षिय ठेक्का सम्झौता बमोजिमको भुक्तानी दिन बाँकी रकम बाहेक अन्य रकम वजेटमा समावेश गरि भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	**कार्यक्रम/ आयोजनाको नाम**	**खर्च शीर्षक**	**विनियोजन**	**खर्च**	**खर्च (%)**
१	जेसीभी इन्धन गतको भुक्तानी बाकि	२२२१२	१५००००.	१४९८८३.	९९.९२
२	साहास नेपाल साझेदारी (गतको भुक्तानी बाँकि)	२२५१२	१३५००००.	१२७३३८०.	९४.३२
३	धाम्मा तारेपहरा सडक निर्माण (गतको भुक्तानी बाँकि)	३११५१	४०००००.	३९००००.	९७.५
४	पहिरो नियन्त्रण साविक ५-१ (गतको भुक्तानी बाँकि महाबु १)	३११५४	१०००००.	९७,४००.००	९७.४
५	लामाटोल देखि गैडाबाज बजार खानेपानी योजना संचालन महाबु ४ (गतको भुक्तानी बाँकि)	३११५६	३०००००.	३०००००.	१००.
६	मुखियाटोल खानेपानी निर्माण साविक २ (गतको भुक्तानी बाँकि)	३११५६	१५००००.	८९,५३१.००	५९.६९
७	खाल्टिडाँडा फिल्ड निर्माण (गतको भुक्तानी बाँकि)	३११५९	२०००००.	१८९६८७.	९४.८४
८	कुलाइन थान निर्माण वडाखोला (गतको भुक्तानी बाकि)	३११५९	२०००००.	१९००००.	९५.
९	कुलायन थान निर्माण वडाखोला (भुक्तानी वाँकी)	३११५९	२०००००.	२०००००.	१००.
	जम्मा		**३०५००००.**	**२८७९८८१.**	**८३८.६७**

७० **१० शैय्या अस्पताल निर्माण**

पालिकाले एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तरगत १० शैय्याको महाबु अस्पताल निर्माणका लागि ठेक्का नं MRM/NCB/ 013/2077/78 मार्फत निर्माण व्यवसायी मजदुर न्यौपाने जेभीसँग रु.६,२९,८०,६७९।४५ (मूल्य अभिवृद्धी कर समेत) मा २०७९।९।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।२५ मा सम्झौता भएको छ।उक्त निर्माण कार्यमा गतवर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु.४,२९,४२,४५५।४२ (मूल्य समायोजन वाहेक) भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

७०.१ **कार्य प्रगति :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०७९।९।३० मा सम्पन्न गर्नुपर्नेमा सो समयावधिमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन। निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु.४,२९,४२,४५५।४२ (मुअकर समेत) भुक्तानी भएको छ। निर्माण व्यवसायिले सुरु सम्झौता तथा थप गरेको अवधिमा करिव ७० प्रतिशत भौतिक र ६९ प्रतिशत मात्र वित्तिय प्रगति भएको कार्यालयले जनाएको छ।निर्माण व्यवसायीले थप भएको ३० महिना (२.५ वर्ष) समेत निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन । पालिकाले निर्माणाधिन अस्पतालको डिजाईन स्वास्थ्य मन्त्रालयवाट स्विकृत नगरी निर्माण कार्य सुरु गरेको हाल पालिकाले पुन: निर्माण कार्यको स्ट्रक्चरल एनालाइसिस गरी निर्माण कार्य गरेको तथा बोलपत्रका लागि तय गरेको लागत अनुमानमा आवश्यक आइटम नराखि अन्य आइटम समावेश गरेको कारण जनाई निर्माण कार्य सम्पन्न भएको अवस्था देखिएन । निर्माण व्यवसायिले मुख्य विल्डिङ्गको स्ट्रक्चरको कार्य समाप्त गरेको भएतापनी इलेक्ट्रीफिकेशन, सेनिटरी तथा लेन्ड स्केपिङ्ग लगायतको कार्य वाँकी रहेको देखिन्छ। वाँकी निर्माणको कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७०.२ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा लागत अनुमानको तुलनमा १५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११० मा भएको व्यवस्था अनुसार कार्यलयले ठेक्का संझौता रकमको निश्चित रकमको तोकिएको अवधिको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ ।पालिकाले १० शैय्या अस्पताल निर्माण कार्यको लागि रु.९,६५,१३,४५२.०० को लागत अनुमान गरी वोलपत्र मार्फत निर्माण व्यवसायी मजदुर न्यौपाने जेभीसँग रु.६,२९,८०,६७९।४५ (मूल्य अभिवृद्धी कर समेत) भुक्तानी गर्नेगरी सम्झौता गरेकोमा लागत अनुमानको तुलनामा १५ प्रतिशत भन्दा बढी घटेर कवोल गरेको अवस्थामा निर्माण व्यवसायीले रु.१,२८,२५,४१२.०० को जमानत पेश गर्नुपर्नेमा ग्लोबल आइएमई वैङ्कको रु.१,१३,९६,३०५ को मात्र जमानत पेश गरी सम्झौता गरेको देखिएकाले नपुग भएको जमानत रु.१४,२९,१०७ समेत समावेश गरी रु.१,२८,२६,३०५ को बैंक जमानत लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको छलफल पश्चात पेश गरेको छ ।

७०.३ **म्याद थप :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताबमोजिमको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेश्की जमानत तथा संशोधित कार्यतालिका सहित आवस्यक प्रमाण कागजात सहित अवधि थपको लागि निवेदन दिएपछि जाँचबुझ गरी उल्लिखित अवस्था देखिएमा म्याद थप गर्न सक्ने र जाँचबुझ गर्दा उल्लिखित अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गर्न सक्ने उल्लेख छ ।पालिकाले यो वर्ष उक्त निर्माण कार्यको सुरु सम्झौताको अवधि मिति २०७९।९।३० मा समाप्त भएकोमा प्रथम पटक २०८०।९।३०र दोस्रो पटक मिति २०८१।९।३० सम्म र तेस्रो पटक मिति २०८२।

३।३० सम्मम्याद थप गरेको देखिन्छ भने हाल निर्माण कार्यको म्याद समाप्त भएको म्याद थप भएको देखिदैन। पालिकाले खरिद कानूनको अधिनमा रही निर्माण कार्य सम्वन्धि निर्णय गर्नुपर्ने देखिन्छ ।

७०.४ **भेरिएसन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याँई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १० शैया अस्पताल भवन निर्माणको क्रममा भवनका ३ व्लक मध्ये व्लक ए र वीमा स्ल्याव ढलान गर्दा सेकेन्डरी विम वेगर निर्माण गरेको र सोका कारणले ढलान भएको स्लाव सेटलमेन्ट भएको र हाल सो स्ल्याव उप्काई डिजाइन वमोजिम सेकेन्डरी विम राखी पुन स्ल्याव गरी निर्माण अगाडि वढाइएको अवस्था देखिन्छ। सोका लागि निर्माणकार्यका लागि पालिकाले मिति २०८१।१२।२५ को कार्यपालिका वैठकले नयाँ स्ट्रक्चर एनालाईसिस स्विकृत गरी सो वमोजिम निर्माण कार्य अगाडी वढाएको देखिन्छ । तथापी स्ट्रक्चर एनालाईसिस परिवर्तन भए पश्चात् कार्यपालिकाले रिभाइज्ड लागत अनुमान र भेरिएसन आदेश स्विकृत गरेको विवरण लेखापरीक्षणमा पेश भएन। पालिकाले हाल स्विकृत गरेको डिजाईन वमोजिम स्लाव थिकनेस ०.१२५ वाट ०.१५ मिटर भएको, डण्डीको साइज र लेआउट परिवर्तन भएको, ३ कोठामा ओपन ट्रस राखेको देखिन्छ ।तथापी सो कार्य गर्दा लागतमा हुने असरका सम्वन्धमा एकिन नगरी साविककै सम्झौताको अधिनमा रहि भुक्तानी हुदै आएको देखिन्छ । पालिकाले उक्त अस्पताल भवनको वोलपत्र आव्हान गर्दानै विस्तृत परियोजना प्रतिवेदनमा रहेको फिनिसिङ्गका आइटम समावेश नगरेको समेत देखिएकाले नेपाल सरकारवाट डिजाइन स्विकृत भएको र मापदण्ड निर्धारण भएकोले स्विकृत मापदण्ड पुरहुने गरी भौतिक संरचनाको निर्माण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

७०.५ **मुल्य अभिवृद्धि कर भुक्तानी -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,५३६,३३६.४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७०.६ **वढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष अस्पताल भवन निर्माण कार्यको प्राविधिक प्रतिवेदन वमोजिम विओक्युको आइटम नं ११ मा रहेको Reinforcement for rcc कार्यको कुल भुक्तानी १०९।९१ मेट्रिक टनको गरेकोमा सोको नापी कितावमा ५ प्रतिशत थप भनि हाल सम्म ५.२३ मेट्रिक टन थप गरी भुक्तानी गरेको देखिन्छ । दर विश्लेषणमानै ५ प्रतिशत वेसटेज समावेश हुने भएकाले निर्माण कार्यमा लागेको वास्तविक परिमाणमा पुन ५ प्रतिशत थप गरी भुक्तानी गरेको देखिन्छ । यसरी खपत परिमाण भन्दा थप गरी भुक्तानी गरेको ५.२३ मेट्रिक टनको प्रति मेट्रिक टन रु.१,२४,३०० का दरले हुने रु. ६,५०,०८९ सम्वन्धित निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	६,५०,०८९

७०.७ **स्थलगत अवलोकन :** आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका, २०७७ को दफा १ मा आधारभूत अस्पतालहरूको भवन निर्माण गर्दा नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिता, २०७७, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड, २०७३, स्वास्थ्य भवन पूर्वाधार डिजाईन तथा निर्माण निर्देशिका (पहिलो संशोधन), २०७७ को पालना गरी तोकिएको स्टाण्डर्ड डिजाइन नक्सा अनुरुप निर्माण गर्नु पर्ने उल्लेख छ I लेखापरीक्षणको क्रममा निर्माणाधिन १० शैय्या अस्पतालको स्थलगत अवलोकन गर्दा निर्माण स्थलमा हाल निर्माण कार्य सुचारु नरहेको , विस्तृत परियोजना प्रतिवेदन वमोजिम निर्माण स्थलमा मापदण्ड वमोजिम निर्माण गर्नुपर्ने क्यान्टीन,

क्वाटर, मर्चरी, गार्ड भवन लगायतमा संरचना निर्माण वेगर वोलपत्र आव्हान भएको, सुरु डिजाईनमा २ तल्ला निर्माण कार्य गर्नुपर्नेमा हाल ग्राउण्ड तल्लाको लागि मात्र कार्य भएको, अस्पतालको र्याम्प लागि लागि पर्याप्त स्थान नरहेको अवस्था रहेको छ।पालिकाले निर्माण कार्य र व्यवस्थापनका भएका कमिकमजोरीहरुका सम्वन्धमा उचित निर्णय गरी नेपाल सरकारले निर्धारण गरेको मापदण्ड पुराहुने गरी निर्माणकार्य गर्नुपर्ने देखिन्छ ।

७०.८ **डिजाइन पुनरावलोकन (६००, २०८२।२।२८) :** पालिकाले यो वर्ष निर्माणाधिन १० शैय्या अस्पतालको डिजाईन रिम्भुका लागि परामर्शदाता एस.आर इन्जिनियरिङ्ग कन्सलटेन्सी वाँके सँग सम्झौता गरी रु.२,९९,५३४ भुक्तानी गरेको देखिन्छ। पालिकाले अस्पताल भवनको विस्तृत परियोजना प्रतिवेदनको अध्ययन तथा सोको स्विकृती स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत नलिएको साथै प्रतिवेदन वमोजिम लागत अनुमान वमोजिम वोलपत्र नगर्दा हाल डिजाइन पुनरावलोकन गर्नका लागि उक्त खर्च भुक्तानी गरेको छ।यसरी निर्माणाधिन भवनको विस्तृत परियोजना प्रतिवेदन पश्चात डिजाइन पुनरावलोकनका लागि रु .२,९९,५३४ थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,९९,५३४

७१ **जलवायु परिवर्तन स्थानीय अनुकुल परयोजना (LACC)**

नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त वित्तीय लगानी तथा युरोपियन युनियनको सह-आर्थिक अनुदानमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LAGC) कार्यान्वयन गर्न नेपाल सरकार र फिनल्यान्ड सरकार बीच २१ मे २०२४ मा सम्झौता भएको भएको छ । उक्त परियोजना कार्यान्वयनका लागि स्वीकृत परियोजना दस्तावेजमा भएको व्यबस्था बमोजिम तीन तहका सरकार बीच (नेपाल सरकार, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा छनौट गरिएका स्थानीय तहबाट जलबायु उत्थानशिल तथा यसका असर न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले भूमि उपयोग, योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन, वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलबायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने गरी स्थानीय तहबाट प्रस्ताव भइ सुपरिवेक्षण समितिले स्वीकृत गरेका कार्यक्रम संचालन भइरहेको छ । महावु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बीच जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सन् २०२९ सम्म (आर्थिक बर्ष २०८५।०८६) सम्म कार्यान्वयन गर्ने गरी २०८१।१२।१० गते सम्झौता भई कार्यान्वयनमा रहेको छ । यस सम्वन्धमा देखिएका बेहोराहरु देहायबमोजिम छन्:

७१.१ **संचालित रहेका योजना :** पालिकाको लागि यव बर्ष पुँजिगततर्फ १४ योजना स्वीकृत भई बजेट विनियोजन भएकोमा ११ योजनाको सम्झौता भई कार्यान्वयनमा रहेको र ३ योजनाको कार्यान्वयन हुन सकेको देखिएन । पालिका अन्तर्गत सम्झौता भई कार्यान्वयनमा रहेका योजनाको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	योजनाको नाम	कुल लागत	स्रोतगत लागत		
			परियोजना	पालिका	उपभोक्ता समिति
१	भावरसुधारिएको पानी घट्ट योजना महावु १	८४०९७८	४२०४८९	१६८१९६	२५२२९३
२	तारचौरकृषि संकलन केन्द्र महावु २	१६१४४६१	९६८६७७	३२२८९२	३२२८९२
३	ताराचौरलिफ्ट सिचाइ योजना महावु २	७६५२९९२	४५९१७९५	१५३०५९८	१५३०५९८
४	कटुसेनीसामुदायिक वन रिचार्ज पोखरी योजना महावु ४	१४१०५८६	७०५२९३	२८२११७	४२३१७६
५	घट्टेखोलावाजकटिया सिंचाइ योजना महावु ४	४०४०२९५	२०२०१४८	८०८०५९	१२१२०८९
६	चुच्चेढुङ्गा ताकमारे सिंचाइ योजना महावु ५	४१०१२३४	२०५०६१७	८२०२४७	१२३०३७०
७	ठुलाखोलासुधारिएको पानी घट्ट योजना महावु ५	११४२५३१	५७१२६६	२२८५०६	३४२७५९
८	राउचेनसुधारिएको पानी घट्ट योजना माहवु ६	२०३२४८७	१०१६२४४	४०६४९७	६०९७४६
९	ठाडोखोलातारामी टोल सिचाइ योजना महावु ६	१०३१४७०९	५१५७३५५	२०६२९४२	३०९४४१३
१०	कोल्डाडियासेरा सिचाइ योजना महावु १	२९१७५०७	१४५८७५४	५८३५०१	८७५२५२
११	नयाँ बस्तीखानेपानी योजना महावु ४	१४७३१०५	७३६५५३	२९४६२१	४४१९३२
जम्मा		**३७५४०८८५**	**१९६९७१८८**	**७५०८१७७**	**१०३३५५२०**

७१.२ **बजेट प्राप्ती र खर्च :** पालिकाको लागि यो बर्ष जलवायु परिवर्तन स्थानीय अनुकुल परियोजना र पालिकाबाट विनियोजित बजेट, निकासा र खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

शिर्षक	विनियोजित बजेट	निकासा रकम	खर्च रकम
चालु	२२०००००	१५७००००	१५७००००
पुँजिगत	२१५२००००	१३३४४०११	१३३४४०११
जम्मा	**२३७२००००**	१४९१४०११	**१४९१४०११**

उल्लेखित खर्च मध्ये परियोजनाबाट रु.१,२०,१०,०००।- र गाउँपालिकाबाट रु. २९,०४,०११।- खर्च भएको छ।

७१.३ **उपभोक्ता समितिको घटी लागत सहभागिता :** जलवायु परिवर्तन स्थानीय अनकुल परियोजना कार्यान्वियन निर्देशिकाको ८.२ स्थानीय स्तरको योगदान तथा परियोजनाको अनुदान तालिका २० मा सुधारिएको पानी घट्ट योजनाको लागि परियोजनाबाट अधिकतम ५० प्रतिशत, स्थानीय तहबाट कम्तिमा १५ प्रतिशत र उपभोक्ता समितिबाट कम्तिमा ३५ प्रतिशत योगदान हुनुपर्ने उल्लेख भएकोमा पालिकाले निम्नानुसार योजनामा उपभोक्ता समितिको ३० प्रतिशत मात्र योगदान समावेश गरी सम्झौता गरेको छ । सुधारिएको घट्टको योजनामा उपभोक्ता समितिको कम्तिमा ३५ प्रतिशत योगदान हुनुपर्नेमा ३० प्रतिशत मात्र योगदान रहने गरी सम्झौता गरेकोले घटी योगदान भएको रकम भुक्तानी दिदा घटायर हिसाव मिलान गर्नुपर्ने रु.

क्र.सं.	योजनाको नाम	कुल लागत	सम्झौता बमोजिम लागत सहभागिता			उपभोक्ताको घटी योगदान
			परियोजना (५० प्रतिशत)	पालिका (२० प्रतिशत)	उपभोक्तासमिति(३० प्रतिशत)	
१	भावरसुधारिएको पानी घट्ट योजना महावु १	८४०९७८	४२०४८९	१६८१९६	२५२२९३	४२०४९
२	ठुलाखोलासुधारिएको पानी घट्ट योजना महावु ५	११४२५३१	५७१२६६	२२८५०६	३४२७५९	५७१२७
३	राउचेनसुधारिएको पानी घट्ट योजना माहवु ६	२०३२४८७	१०१६२४४	४०६४९७	६०९७४६	१०१६२४
जम्मा		४०१५९९६	२००७९९८	८०३१९९	१२०४७९९	२००८००

प्रमाण पेश नगरेको	२,००,८००

७१.४ **पहिलो किस्ताको भुक्तानी :** जलवायु परिवर्तन स्थानीय अनकुल परियोजना कार्यान्वियन निर्देशिकाको तालिका २१ मा सिचाइ उपभोक्ता समितिहरुलाई स्थानीय तहबाट पहिलो किस्ताको रुपमा योजना कार्यान्वियनको चरणको सम्झौता सम्पन्न भई खरिद प्रक्या बमोजिम कवटेसन स्वीकृत गरिसकेको प्रमाण पेश गरेपछी सम्झौता रकमको ३० प्रतिशत भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले निम्नानुसार सिचाई योजनाको उपभोक्ता समितिहरुलाई पहिलो किस्तावापत ५० प्रतिशत रकम पेश्की जाई भुक्तानी दिएको देखिन्छ ।आयोजना चालु अवस्थामा रहेकोले कार्य सम्पन्न गर्दाको बखत सम्झौताको अनुपातमा खर्च गर्ने सुनिश्चतता गर्नुपर्दछ ।

क्र.सं.	योजनाको नाम	कुल लागत	उ.स.लाई भुक्तानीहुनुपर्ने रकम	पहिलो किस्ता वापतभुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	पेश्की जनाई थप भुक्तानी रकम
१	ताराचौरलिफ्ट सिचाइ योजना महावु २	७६५२९९२	६१२२३९४	१८३६७१८	३०६११९६	१२२४४७८
२	घट्टेखोलावाजकटिया सिंचाइ योजना महावु ४	४०४०२९५	२८२८२०७	८४८४६२	१४१४१०२	५६५६४०
३	चुच्चेढुङ्गा ताकमारे सिंचाइ योजना महावु ५	४१०१२३४	२८७०८६४	८६१२५९	१४३५४७२	५७४२१३
४	ठाडोखोलातारामी टोल सिचाइ योजना महावु ६	१०३१४७०९	७२२०२९६	२१६६०८९	३३३८२२८	११७२१३९
५	कोल्डाडियासेरा सिचाइ योजना महावु १	२९१७५०७	२०४२२५५	६१२६७६	१०२११२८	४०८४५२
जम्मा		२९०२६७३७	२१०८४०१५	६३२५२०५	१०२७०१२६	३९४४९22

७१.५ **भुक्तानीको अनुपात :** जलवायु परिवर्तन स्थानीय अनकुल परियोजना कार्यान्वियन निर्देशिका बमोजिम पालिका र उपभोक्ता विच भएको सम्झौतामा उपभोक्ता समितिले योजना कार्यान्वियनको चरणको सम्झौता पश्चात खरिद कार्यविधि बमोजिम आपुर्तीकर्ता र उपभोक्ता समिति विच खरिद सम्झौता भए पछी उपभोक्ता समितिलाई भुक्तानी हुनु पर्ने कुल रकमको ५० प्रतिशत रकम पहिलो किस्तामा भुक्तानी दिने उल्लेख भएको छ । सम्झौता अनुसार पालिकाले पहिलो किस्ताको रकम भुक्तानी दिदा योजनाको कुल लागत मध्ये परियोजना र पालिकाले व्यहोर्नुपर्ने रकमको अनुपात बमोजिम भुक्तानी गर्नुपर्नेमा सम्झता भएका योजनाको कुल लागतको परिइवजाबाट भुक्तानी हुनुपर्ने रकमको पहिलो किस्ता वापतको ५० प्रतिशतले हुने देहायबमोजिमको रु.९८,४८,५९४।- भुक्तानी हुनुपर्नेमा रु. १,०४,४०,०००।- भुक्तानी भएकोले परियोजनाबाट बढी भुक्तानी भई पालिकाबाट घटी लागत सहभागिता भएको अनुसूचीमा उल्लेख भए बमोजिमको रु. ५,९१,४०६।- स्रोतमिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ७१.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५,९१,४०६

७१.६ **३ नं. वडा कार्यालय देखि गैडावाज जोड्ने सडक निर्माण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यस बर्ष प्रदेश समपुरक योजना अन्तर्गत ३ नं. वडा कार्यालय देखि गैडावाज सम्म जोड्ने सडक निर्माण कार्यको लागि रु. ९५,७८,७८५।- लागत अनुमान तयार गरी वोलपत्रमार्फत निर्माण व्यवसायी दैलेख चामुण्डा निर्माण सेवा संग रु.३४,९४,१८०।-(६३.५२ प्रतिशत घटी) मा ठेक्का सम्झौता गरी रु.३२,७४,३७१।- भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । सडक निर्माण कार्यको ठेक्का सम्झौतामा चेनेज ०+००० देखि ५+५६० सम्म ३६३४८.८८ घन मिटर सडक खन्ने काम गर्नुपर्नेमा निर्माण व्यवसायीले ०+००० देखि ४+६२० सम्मको ३१६५८ घन मिटर मात्र सडक खन्ने काम सम्पन्न गरेको देखियो । पालिकाले उक्त ठेक्का सम्झौता बमोजिम सम्पन्न गर्न बाँकी रहेको उक्त चेनेज ४+६२० देखि ५+७८० सम्म ५०९२ घन मिटर सडक सडक खन्ने काम पालिकाले ठेक्का सम्झौता गरी पालिकाको तर्फबाट विनियोजित बजेटबाट बचत रहेको रकमबाट सोही सडकको सोही चेनेजमा सडक निर्माण कार्यको लागि रु. ९,६५,३६४।- को लागत अनुमान तयार गरी कोटेशनमार्फत पि.एस. निर्माण सेवाबाट थप कार्य गराई रु. ९,५८,४९१।- भुक्तानी गरेको देखिन्छ । पालिकाले ठेक्का सम्झौता बमोजिम कार्य सम्पन्न नभएको अवस्थामा कार्य स्वीकार गरी अन्तिम विलको भुक्तानी दिन नहुने, सडक निर्माण कार्यमा थप काम गर्नुपरेको अवस्थामा भेरिएसन गरी ठेक्का सम्झौता भएका निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराउनुपर्नेमा सो सम्वन्धमा कुनै निर्णय र समन्वयनै नगरी कोटेशनमार्फत कार्य गराएको देखिन्छ । वोलपत्रमार्फत सडक निर्माण कार्यको ठेक्का सम्झौता गर्दा लागत अनुमानको तुलनामा ६३.५२ प्रतिशत घटीमा सम्झौता भइ कार्य सम्पन्न भएकोमा कोटेशनमार्फत कार्य गराउदा लागत अनुमान हाराहारिमै सम्झौता भइ भुक्तानी भएको छ । यसरी एउटै चेनेजको सडकमा वोलपत्रमार्फत र कोटेशनमार्फत कार्य गराउदा थप व्ययभार परेकोले कोटेशनमार्फत कार्य गराई भुक्तानी दिएको नियमसम्मत देखिएन । पालिकाले वोलपत्रमार्फत कार्य गराउदा निर्माण व्यवसायीले सडक खन्ने कामको प्रति घन मिटर दर रु. ७३.२२ कवोल गरेकोमा कोटेशामार्फत कार्य गराउदा प्रति घन मिटर रु. १५२ को दरले भुक्तानी भएकोले प्रति घन मिटर रु. ७८.७८ को दरले कवटेसनमार्फत सम्पन्न भएको सडक खन्ने काम ५०९२ घन मिटरको रु. ४,०१,१४८ र सोको मुल्य अभिबृद्धि कर समेत रु.४,५३,२९७ बढी भुक्तानी हुन गइ थप व्ययभार परेकोले सम्वन्धित पादधिकारीलाई जिम्मेवार वनाउुपर्दछ ।पालिकाले ठेक्का सम्झौतामा उल्लेख भएको पुरै चेनेजको काम निर्माण व्यवसायीबाट सम्पन्न नभएको अवस्थामा कार्यस्वीकार गरी सो ठेक्काको बाँकी काम कोटेसनमार्फत गराउदा रु.४,५३,२९७ थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,५३,२९७

७२ **जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा ३.५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ८१.५० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो। पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ। साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

७३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ६० लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेको देखिन्छ भने २२ शिर्षकमा रु. ७४,९९,९४३.७५ आय प्राप्ती गरेको छ।आर्थिक वर्ष २०८१/८२ सभाले गरेको अनुमानको १२३.९७ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने र राजस्व वृद्धि गर्नु पर्ने देखिन्छ।

७४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक)	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२४,८६,६३,६१०.३७	७४,९९,९४३.७५	३.०२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.०२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	राजस्वसंकेत	आम्दानी शीर्षक	अनुमान	आम्दानी	आय प्रतिशत
१	११३१३	सम्पती कर	३२००००	६०२११	१८.८२
२	११३१४	भुमिकर/ मालपोत	१२००००००	७७५४९७.६८	६४.६२
३	११३१७	वहाल कर	१०००००	१७४५७०.८१	१७४.५७
४	११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०.००	३०००.	१००
५	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०.००	१०५९२.	१००
६	११६९१	अन्य कर	०.००	२२८१३०.७६	१००.
७	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	०.००	१८४५००.	१००.
८	१४२२१	न्यायिक दस्तूर	५०००	१००.००	२
९	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	४५०००	२९३००.	६५.११
१०	१४२२४	परीक्षा शुल्क	०.००	२५००.	१००
११	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	२३००००००	३०३२५८७.८८	१३१.८५
१२	१४२४२	नक्सापास दस्तुर	१०००००	२०००	२
१३	१४२४३	सिफारिश दस्तुर	५०००००.	४२५०३९.	८५.०१
१४	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	७००००	१२०२००.	१७१.७१
१५	१४२४५	नाता प्रमाणित दस्तुर	२००००	२३५००.	११७.५
१६	१४२४९	अन्य दस्तुर	०.००	११५००.	१००
१७	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५००००	३०००.	६
१८	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	०.००	३०००.	१००
१९	१४३१३	धरौटी सदरस्याहा	०.००	३०००.	१००
२०	१४५२९	अन्य राजस्व	४५००००	४०६८७३.६२	९०.४२
२१	१४६११	व्यवसाय कर	८००००	२०३८५०	२५४.८१
२२	१५१११	बेरूजू	८१००००	१७९६९९१.	२२१.८५
जम्मा			**६०,५०,०००**	**७४,९९,९४३.७५**	**१२३.९७**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१/८२ मा रु.६०,५०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ७४,९९,९४३.७५ असुली गरेको छ जुन असुली अनुमानको १२३.९७ प्रतिशत हो।उपर्युक्त तथ्याङ्कको आधारमा पालिकाले प्रक्षेपण गरेको आन्तरिक आय वास्तविक रहेको देखिएन। पालिकाले यो वर्ष ३ राजस्व शिर्षकमा १० प्रतिशत भन्दा न्युन राजस्व असुली भएको छ ।पालिकाको आयको अनुमान र वास्तविक आम्दानीको तुलना गर्दा अनुमान र वास्तविक आय विच फरक परेको देखियो। पालिकाले आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

७६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय कर वापत रु.८०,०००।- आय अनुमान गरेकोमा रु. २,०३,८५०।- आम्दानी भएको तथा व्यवसायको रजिष्ट्रेशन दस्तुरमा रु.५०,०००।- आय अनुमान गरेकोमा रु. ३,०००।- आम्दानी गरेको छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख तयार नगरेको तथा राजस्व प्रणालीमा भएको विगतको रजिष्ट्रेशन

समेत अध्यावधिक गरेको छैन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७७ राजस्वको अभिलेख

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अघिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । उल्लेखित प्रतिवेदन हरु प्रणालीमै रहने जनाएतापनी प्रमाणित गरि नराखिएकोले पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

७८ राजस्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले आन्तरीक राजस्व व्यवस्थापनका लागि सुत्रको प्रयोग गरी असुल गरेको देखिन्छ भने असुली गरेको रकम असुली गरेको भोलिपल्ट दाखिला गर्नुपर्ने राजस्व रकम १५ दिन दिन/ १ महिना अवधि पश्चात मात्र एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

७९ प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क

कर्णाली प्रदेश आर्थिक ऐन,२०८१ को दफा ११ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसुची ७ बमोजिम लगाई असुल गरिने र शुल्कको संकलन,नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने उल्लेख छ । सोहि ऐनको अनुसुची ७ बमोजिम ढुङा,गिट्टी र ग्राभेलको प्रति क्यु फिट रु.५ को दरले शुल्क लाग्ने व्यवस्था रहेको छ। पालिकामा यो वर्ष सञ्चालन भएका देहाय बमोजिमका आयोजनाहरुमा स्थानीय ढुङ्गा प्रयोग गरेकोमा पालिकाले तोकिए बमोजिम शुल्क संकलन गर्नुपर्नेमा संकलन गरेको नदेखिएकोले निम्म आयोजनमा प्रयोग गरेको ढुङ्गा वापतको देहाय बमोजिमको रु.३,८९,८४४ मा मुल्य अभिवृद्धि कर रु ५०,६८० सहित जम्मा रु. ४,४०,५२४ सम्बन्धित व्यक्ति/उपभोक्ता समितिबाट वास्तविक परिमाणको यकिन गरी सोमा अनुसुची १ बमोजिम लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने रु.

सि.न.	गो.भो.न./मिति	आयोजनाको नाम	भुक्तानी लिने व्यक्ति/ उ.स.को नाम	योजनामा लागेको ढुङ्गाको परिमाण घन मिटर	जम्मा रकम(मुअ कर बाहेक) रु.	जम्मा रकम(मुअ कर सहित) रु.
१	३ २०८१।११।६	रामखोला अग्रिखेत तटवन्धन	रामखोला अग्रिखेत तटवन्धन उपभोक्ता समिति	४३३	७६३८१	८६३११
२	११ २०८१।१२।२०	ताराघाट सिमखेत वलिसरा सिचाई	ताराघाट सिमखेत वलिसरा सिचाई उपभोक्ता समिति	९५	१६७५८	१८९३७
३	१३ २०८१।१२।२०	ताराघाट पालिसेरा नदि नियन्त्रण	ताराघाट पालिसेरा नदि नियन्त्रण उपभोक्ता समिति	३४४	६०६८२	६८५७०
४	३० २०८२।१।९	दोविल्ला सस्मेलिधर सिमलडाडा पदमार्ग निर्माण	योजना सम्झौताकर्ता	३३२	५८५६५	६६१७८
५	३७ २०८२।१।३१	सिमखेत देखि राँचुटोल सम्म सिचाई कुलो मर्मत	योजना सम्झौताकर्ता	१०३	१८१६९	२०५३१
६	५३ २०८२।३।१९	फागु काँसी काँध सडक स्तरोन्नती	योजना सम्झौताकर्ता	३७४	६५९७४	७४५५०
७	४७ २०८२।३।१२	गयखोला मुहान भै टाकुराडाँडा विरौटा सिचाई कुलो मर्मत	योजना सम्झौताकर्ता	१००	१७६४०	१९९३३
८	७० २०८२।३।२२	फागु काँसी काँध वडा सडक स्तरोन्नती	फागु काँसी काँध वडा सडक स्तरोन्नती उपभोक्ता समिति	१४६	२५७५४	२९१०२
९	७८ २०८२।३।२४	सिम पहिरो तटवन्धन	योजना सम्झौता कर्ता	२८३	४९९२१	५६४११
जम्मा				**२२१०**	**३८९८४४**	**४४०५२४**

असुल गर्नुपर्ने	४,४०,५२३

८० परिमाण नियन्त्रण

ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को वुँदा ४ को उपवुँदा ५,६ र ७ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची- २(ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची -२(ग) बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्ने,उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्ने र तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची- ३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष देहाय वमोजिमको ढुङ्गा गिटि वालुवा उत्खनन सम्वन्धि ठेक्का व्यवस्थापन गरेकोमा पालिकाले रु.१६,०९,००० मुअकर वाहेकमा श्री गौरव निर्माण सेवालाई कुल ५८६८.५६ घनमिटर गिट्टि ढुङ्गा वालुवा उत्खनन गर्ने गरी स्विकृत भएको देखिन्छ। पालिकावाट निकासीका लागि रसिद छपाई गरी सि. नं २००० सम्मका २० थान रसिद वुझिलिएकोमा रसिदको प्रयोग र वाँकी रसिद फिर्ता नगरेको, निकासी पश्चात् निरीक्षण वा परीक्षण गरी निकासी परिमाण एकिन नगरेको तथा निर्माण व्ययसायीले परिमाणको दैनिक तथा वार्षिक विवरण समेत पालिकामा पेश गरेको देखिएन छैन। उक्त ठेक्का अवधि भित्र संकलनकर्ताले के कती परिमाण ढुङ्गा गिटि वालुवा संकलन गरे नगरेको सम्बन्धमा पालिकाबाट कुनै पनि अनुमगन गरी प्रतिवेदन गरेको नदेखिएकाले तोकिएको परिमाणमा मात्र ढुङ्गा,गीट्टी, बालुवा संकलन गरेको भनि आश्वस्त हुने अवस्था देखिएन। कानुन , सम्झौता तथा सुचनामा उल्लेख भएका सवै व्यवस्थाको पालना गरी आन्तरीका आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

८१ पुर्व तयारी

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था

गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी पालिकाले छामघाट खोलाको ढुङ्गा गिटि वालुवा उत्खननका लागि रु १६०१३६८ को लागत अनुमान गरी ठेक्का आव्हान गरेको देखियो । मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

८२ **अग्रिम कर**

पालिकाले गिट्टि ढुङ्गा वालुवाको सम्झौता वमोजिमको आय रकममा १.५ प्रतिशतका दरले अग्रिम कर समेत असुल गर्नुपर्नेमा सम्झौताकर्ता गौरव निर्माण सेवाले सम्झौता रकम रु १६,०९,००० को १.५ प्रतिशतका दरले अग्रिम कर रु.२४,१३५ दाखिला गर्नुपर्नेमा सो गरेको देखिएन। सम्वन्धित निर्माण सेवावाट असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२४,१३५

८३ **अस्थायी क्रसर संचालन**

गिट्टी ढुङ्गा वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड,२०७७ को बुँदा नं ५ मा खानीबाट ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिई गर्नु पर्ने उल्लेख छ । पालिकाले नारायण नगरपालिका सडक आयोजना निर्माणका कार्यका लागि मात्र आवश्यक पर्ने नदिजन्य निर्माण सामाग्री ढुङ्गा, गिटि बालुवा आदी नदीबाट संकलन गरी प्रशोधन गर्नको लागि श्याम एण्ड शंकर/ज्वाला पञ्चकोशी जेभी लाई गाउँपालिकाको वडा नं २ बडाखोलाअस्थायी क्रसर स्थापनाको लागि पुर्वाधार विकास कार्यालय दैलेखको मिति २०७९/१२/१५ गते, च.नं. ६६५ को सिफारिस पत्र, यस गा.पा.को मिति २०७९/१२/१७ गतेको निर्णय तथा जिल्ला समन्वय समिति दैलेखको मिति २०७९/१२/२८ गते, च.नं. १७२ को सहमतिका आधारमा मिति २०८०।१।३ मा अस्थायी अनुमती प्रदान गरेको देखिन्छ ।

पालिकाले नारायण नगरपालिका सडक निर्माण कार्यका लागि योजना सम्पन्न गर्ने प्रयोजनका लागि अस्थायी क्रसर संचालन गर्न अनुमति दिइएकोमा उक्त अस्थायी क्रसरको २०८२ जेठ ८ गते गाउँपालिकाबाट अनुगमन भएकोमा अनुगमन प्रतिवेदन वमोजिम क्रसर उद्योगले आफ्नो छुट्टै आई.ई.ई. प्रतिवेदन नबनाएको, संचालन भए देखि गाउँपालिकालाई गाउँपालिकाको नियमानुसार बुझाउनु पर्ने राजश्व नबुझाएको, क्रसर उद्योगले क्रसर संचालनका लागि तोकिएको दुरी सम्बन्धी मापदण्ड पालना गरेको नदेखिएको, क्रसर उद्योगले नदीजन्य पदार्थको उत्खनन, संकलन, प्रशोधन, दुवानी तथा विक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना स्वीकृत गरि उतखनन प्रशोधन, विकी हुने सामागीहरुको परिमाण, चारकिल्लाको रेखाङ्कन सहितको नाप नक्सा तयार गरि क्रसर संचालन गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएको, उत्खनन् तथा संकलित सामाग्रीहरुको परिणामको दैनिक बार्षिक तेरिज सहितको अभिलेख राखेको समेत नदेखिएकाले १ महिना भित्र क्रसर उद्योगले आफ्नो छुट्टै आई.ई.ई. प्रतिवेदन बनाएर गाउँपालिकामा पेश गर्ने, उत्खनन् तथा संकलित सामाग्रीहरुको परिणामको दैनिक।बार्षिक तेरिज सहितको अभिलेख समेत राखे व्यवस्था गरी गाउँपालिकामा सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने अन्यथा तोकिएको समयमा उक्त कमजोरी सुधार नगरेमा अस्थायी क्रशर अनुमती खारेज गरी कारवाही गर्ने निर्णय गरेको देखिन्छ । उक्त निर्णय पश्चात क्रसर उद्योगले दर्ता नविकरण र जरिवना वापत २०८२।२।२६, रसिद न १८३ वाट रु १,१२,५०० राजस्व दाखिला गरेको देखिएतापनी अन्य निर्देशनहरु पालना गरेको देखिएन। सो पश्चात पालिकाले मिति २०८२।३।३० वाट नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्रि वितरण सम्बन्धी जिल्ला अनुगमन समिति दैलेखको २०८२।०३।२४ गतेको निर्णय र गाउँपालिकाको २०८२।०३।२६ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि सो क्रशर पुर्णरुपमा बन्द गर्न पत्राचार भएको देखिएकोमा उक्त क्रसर लेखापरीक्षण अवधि सम्म निरन्तर संचालनमा रहेको देखिन्छ। उल्लेखित क्रसरलाई मापदण्ड वमोजिम प्राकृतिक स्रोतको रोयल्टी हालसम्म दाखिला नभएको र योजना निर्माण समेत गत वर्षनै सम्पन्न भएको अवस्थामा समेत क्रसर संचालन भैरहेको अवस्था देखिन्छ । प्रचलित कानुन वमोजिम कारवाहीको दायरमा ल्याई हालसम्म उत्खनन भएको परिमाण वमोजिम राजस्व असुली, निर्माण सामाग्री जफत तथा जरिवाना समेत गर्नुपर्ने देखिन्छ

महावु गाँउपालिकाको कार्यक्षेत्रमा संचालित क्रसर र मौज्दात निर्माण सामाग्री

८४ **नदिजन्य पदार्थको शुल्क**

गिट्टी ढुङ्गा वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड,२०७७ को वुँदा नं मा ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने र नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परीमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले नारायण नगरपालिका सडक आयोजना निर्माणका कार्यका लागि मात्र आवश्यक पर्ने नदिजन्य निर्माण सामाग्री ढुङ्गा, गिटि बालुवा आदी नदीबाट संकलन गरी प्रशोधन गर्नको लागि श्याम एण्ड शंकर/ज्वाला पञ्चकोशी जेभी लाई गाउँपालिकाको वडा नं २ बडाखोलाअस्थायी क्रसर स्थापनाको लागि पुर्वाधार विकास कार्यालय दैलेखको मिति २०७९/१२/१५ गते, च.नं. ६६५ को सिफारिस पत्र, अस्थायी अनुमती प्रदान गरेको देखिन्छ । पुर्वाधार विकास कार्यालयले उक्त निर्माण कार्य सम्पन्न गरी मिति २०८१।८।१६ मा कार्यस्विकार गरेको देखिन्छ प्रयोग भएको नदिजन्य पदार्थको शुल्क हालसम्म वुझाएको देखिएन। गिट्टि ढुङ्गा वालुवा उत्खननको लागि जिल्ला समन्वय समितिले अनुगमन गरी सो क्रसरले उपयोग गरेको नदिजन्य पदार्थको विवरण माग गरेकोमा उक्त निर्माण कार्यमा देहाय वमोजिम नदिजन्य पदार्थ उक्त क्रशरवाट प्रयोग भएकोमा पालिकाले ठेक्का लगाउने पुर्वाधार विकास कार्यालय दैलेख सँग समन्वय गरी प्रयोग भएको १८,५८७.३८ घनमिटर गिटी ढुङ्गा वालुवा तथा अन्य प्राकृतिक स्रोतको परिमाण एकिन गरी शुल्क असुल गर्नुपर्नेमा स्थानीय प्राकृतिक स्रोतको प्रयोग भएतापनी सोका लागि समन्वय तथा पत्राचार गरेको समेत गरेको देखिएन। कार्यविधि वमोजिम उपयोग भएको नदिजन्य पदार्थको शुल्क हाल सम्म पालिकामा दाखिला गरेको नदेखिएकोले यस सम्वन्धमा पालिकाले छानविन गरी छूट भएको रु.३७,०५,०५९.६३ राजस्व जरिवाना सहित असुल गर्नुपर्ने देखिएको रु.

नदिजन्य सामाग्रिको विवरण	प्रयोग भएको परिमाण (घनमिटर)	प्रयोग भएको परिमाण (घनफिट)	प्रदेश कानुन वमोजिम लाग्ने राजस्व(रु ५ प्रतिघनफिट)	मुअकर	कुल राजस्व
ढुङ्गा	८६८९.५	३०६५६५.५६	१५३२८२७.८	१९९२६७.६१	१७३२०९५.४१
वालुवा	८०७.३७	२८४८४.०१	१४२४२०.०७	१८५१४.६१	१६०९३४.६८
कोर्श एग्रिगेट	१६१५	५६९७७.२	२८४८८६.००	३७०३५.१८	३२१९२१.१८
ग्राभेल	७४७५.५१	२६३७३५.९९	१३१८६७९.९६	१७१४२८.४	१४९०१०८.३६
जम्मा	**१८५८७.३८**	**६५५७६२.७७**	**३२७८८१३.८३**	**४२६२४५.८**	**३७०५०५९.६३**
				असुल गर्नुपर्ने	३७,०५,०५९.६३

८५ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु.९,९१,४१,४३९ खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

८५.१ **लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

८५.२ **सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ ।

८५.३ **पारदर्शिता र जवाफदेहिता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य

रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेवसाइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण स्थानीय तहको वेवसाइटमा आर्थिक वर्षगत रुपमा सार्वजनिक गरी राख्नुपर्दछ ।

८५.४ **निस्कृय खाता :** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा विवरण माग गर्दा सामाजिक सुरक्षाका खता भएको कुमारी वैङ्कको कुल ३६० .जनाको खाता अपडेट नगराई १ वर्ष देखी कारोवार नगरेको विवरण प्राप्त भएता पनि खातामा मौज्दात रहेको विवरण लेखापरीक्षणमा पेश भएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण एकिन गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

८५.५ **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा ६ वडाहरुको सामाजिक सुरक्षा भत्ता कुमारी बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको वडागत तथ्याङ्क देहाय अनुसार छ ।

वडामा भएको खर्च	**प्रथम त्रैमासिक**	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	जम्मा खर्च
१	४६३२१४६	४६६९८३६	४७१३७२४	४७५९६८५	१८७७५३९१
२	३८२३९९८	३८५७८९०	३९४७८३८	४०४४०५९	१५६७३७८५
३	५६४५१६१	५७३२५५३	५७९५६२५	५९०४१९२	२३०७७५३१
४	२९०९२०५	३००९९६२	३०५७७८७	३०४२२८१	१२०१९२३५
५	३३७२२८४	३४१५५३०	३४७३९३६	३६०६५४९	१३८६८२९९
६	३८७८६८७	३९१४२१४	३९७३७२९	४०४४९६९	१५८११५९९
जम्मा	**२४२६१४८१**	**२४५९९९८५**	**२४९६२६३९**	**२५४०१७३५**	**९९२२५८४०**

८६ **संघीय विशेष अनुदान**

संघीय विशेष अनुदानतर्फ स्वास्थ्यतर्फको योजना तथा कार्यक्रम संचालनको लागि रु.१,५०,००,०००।- बजेट प्राप्त भएकोमा रु.१,३२,२९,५४२।- खर्च भएको छ ।यस सम्वन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन्:

८६.१ **खरिद सामाग्रिको हस्तान्तरण :** पालिकाले यस बर्ष संघीय विशेष अनुदानबाट प्राप्त बजेटबाट स्वास्थ्य संस्थाहरुको लागि देहायबमोजिमका मालसामान खरिद गरेकोमा कतिपय समाग्रिहरु सम्वन्धित स्वास्थ्य संस्थामा हस्तान्तरण नगरी पालिकामै रहेका छन। पालिकाले स्वास्थ्य संस्थाहरुको लागि खरिद गरेका मेडिकल सम्वन्धी समाग्रि र अन्य सामाग्रिहरु सम्वन्धित स्वास्थ्य संस्थाहरुमा बुझाई सोको प्रयोगको सुनिश्चितता गर्नुपर्दछ।

गो.भो.नं. र मिति	फर्मको नाम	खरिदकोविवरण	खर्च रकम
९-०८१।१०।२५	फर्मा लाइफ सप्लायर्स, सुर्खेत	भिटामिनको औषधि	७९६२३४
१२-०८१।१२।५	आरु ट्रेडर्स प्रा.लि.	मेडिकल उपकरण (Baby Warmer Etc.)	८९५६२६
२१-०८२।१।१४	सरोवर ट्रेड कन्सर्न	स्ट्रेचर खरिद (७० थान)	३१६०००
११९-०८२।३।२२	माँ मनकामना ईन्टरप्राइजेज	प्रिन्टर ल्यापटप खरिद	४९९२३४
११७-०८२।३।२२	बाराही ट्रेड एण्ड सप्लायर्स	फर्निचर खरिद	२९९७३२
१२९-०८२।३।२५	सरोवर विजनेश लिङ्क प्रा.लि.	मेडिकल सामाग्रि खरिद	२०९६१५
१३९-०८२।३।२५	टि.भि.हाउस सुर्खेत	फ्रिज खरिद	३१४४०६
जम्मा			**३३३०८४७**

८६.२ **शिविर संचालन (७५-०८२।३।१४) :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवश्यक विल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले २०८१।१२।२९ र ३० गते महावु गाउँपालिका संचालन गरेको स्वास्थ्य शिविरमा विशेषज्ञ चिकित्सकको रुपमा आउनु भएका प्रदेश अस्पताल सुर्खेत लगायतका अन्य अस्पतालमा कार्यरत निम्नानुसार विशेषज्ञ चिकित्सकहरुलाई भ्रमण खर्च नियमावली अनुसारको भ्रमण खर्च भुक्तानी दिनुपर्नेमा खाना, वास र यातायातको व्यवस्था समेत पालिबाट उपलव्ध गराएको अवस्थामा निज चिकित्सकहरुसंग पालिकाले सम्झौता गरी प्रति दिन रु. २५ हजार र १५ हजारका दरले रकम उपलव्ध गराएको देखियो । सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई प्रति दिन एकमुष्ठ भत्ता रकम भुक्तानी दिन मिल्ने नदखिएकोले भ्रमण खर्च नियमावली अनुसार भुक्तानी दिन मिल्ने प्रति दिन रु. १६०० को दरले हुने २ दिनको रु. ३२०० दैनिक भत्ता रकम घटाई बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

चिकित्सकको नाम	कार्यरत अस्पताल	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम (२ दिनको)	बढी भुक्कतानी रकम (कर कट्टी पछि)
डा. धर्मराज रेग्मी	प्रदेश अस्पताल सुर्खेत	३२००	५००००	३९३००
डा. सुवास शर्मा	प्रदेश अस्पताल सुर्खेत	३२००	५००००	३९३००
डा. रहिस कोजु	जिल्ला अस्पताल दैलेख	३२००	३००००	२२३००
जम्मा				१००९००

असुल गर्नुपर्ने	१,००,९००

८६.३ **प्रशिक्षक भत्ता-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१८,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **११,८१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,३५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ८६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	०

८६.४ **कार्यक्रम संशोधन :** पालिकाले संघीय विशेष अनुदानबाट प्राप्त हुने रकमको कार्यक्रम तयार गरी स्वीकृत गरेकोमा गाउँ कार्यपालिकाको मिति २०८२।३।२ को निर्णय अनुसार निम्नानुसार कार्यक्रम संशोधन गरी खर्च गरेको छ । संघीय विशेष अनुदानबाट संचालन हुने गरी स्वीकृत भएका कार्यक्रमहरु कार्यान्वयन नभएको अवस्थामा आर्थिक बर्षको अन्तमा कार्यक्रम संशोधन गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

सािवकको कार्यक्रमको नाम	रकम	संशोधित कार्यक्रमको नाम	खर्च रकम
स्वास्थ्य आमा समुह सुदृढिकरण र आमा समुह गाउँघर क्लिनिकमा स्वास्थ्यकर्मी परिचालन	२५००००	स्वास्थ्य संस्थाहरुलाई फ्रिज खरिद	३१५०००
SBA तालिम तथा अन्य तालिमका लागि साझेदारी रकम	१५००००	वाल तथा मातृ स्वास्थ्यका लागि अत्यावश्यक मेरेडिकल सामाग्रि खरिद	२१००००
Conduct District Level Co- Operation Workshop	७५०००	महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वोर्ड व्यवस्थापन रकम	७५०००
जम्मा	**६०००००**	**जम्मा**	**६०००००**

८७ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहायबमोजिम रहेको छ।

क्र स	विद्यालयको नामर ठेगाना	स्थायी शिक्षक	अस्थायी/ करार	राहत शिक्षक	उ.मा.वि	संघियअनुदान ९-१०	संघिय अनुदान ६-८	जम्मा शिक्षक	पदपुर्ति भएकाशिक्षक	विद्यार्थीसङ्ख्या	शिक्षकविद्यार्थी अनुपात
१	श्री जयन्ती माध्यमिक विद्यालय, खरिगैरा महावु१	७	०	६	२	०	०	१५	१५	३८०	१:२५
२	श्री मष्टा आधारभूत विद्यालय, दवडा महावु १	३	०	२	०	०	१	६	६	१३९	१:२३
३	श्री कोपिला आधारभूत विद्यालय, भाब्र महावु १	२	०	०	०	०	०	२	२	२७	१:१४
४	श्री पाल्ती आधारभूत विद्यालय, कालासिम महावु १	१	०	०	०	०	०	१	१	५२	१:५२
५	श्री जगदिश माध्यमिक विद्यालय, ऐराडी महावु २	८	०	५	२	०	०	१५	१५	३६१	१:२४
६	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, केउरेपानी महावु २	३	१	१	०	०	२	७	७	१५२	१:२२
७	श्री शिव आधारभूत विद्यालय, मान्म महावु २	२	०	१	०	०	०	३	३	३७	१:१२
८	श्री मालिका माध्यमिक विद्यालय, बाँसी महावु ३	६	०	६	२	०	०	१४	१४	४३८	१:३१
९	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, सुवाकोट महावु ३	३	०	१	०	०	१	५	५	१८८	१:३८
१०	श्री भगवती आधारभूत विद्यालय, रिठा महावु ३	३	०	२	०	०	१	६	६	१८८	१:३१
११	श्री पाठकी आधारभूत विद्यालय, राज्म महावु ३	१	०	२	०	०	०	३	३	२४	१:०८
१२	श्री गैडाबाज माध्यमिक विद्यालय, महावु ४	४	०	५	०	२	०	११	११	३९३	१:३६
१३	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, गिताचौर महावु ४	१	२	१	०	२	१	७	७	२४४	१:३५
१४	श्री सरस्वती आधारभूत विद्यालय, काप्रिखोला महावु ४	२	०	१	०	०	०	३	३	६९	१:२३
१५	श्री शिव आधारभूत विद्यालय, फागु महावु ४	०	०	३	०	०	०	३	३	३४	१:११
१६	श्री भगवती माध्यमिक विद्यालय, काँसिकाँध महावु ५	४	१	६	२	०	०	१३	१३	३९७	१:३१
१७	श्री शिव आधारभूत विद्यालय, गडिगाउ महावु ५	३	०	१	०	०	१	५	५	१३४	१:२७
१८	श्री कैलाशी आधारभूत विद्यालय, गोर्ती महावु ५	३	०	०	०	०	१	४	४	१७४	१:४४
१९	श्री जनता आधारभूत विद्यालय, पिपलचौतारा महावु ५	२	०	१	०	०	०	३	३	५४	१:१८
२०	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, चुनटाकुरा महावु ५	२	०	१	०	०	०	३	३	७७	१:२६

२१	श्री सरस्वती आधारभूत विद्यालय, साँजुडाँडाखर्क महावु ५	१	१	०	०	०	०	२	२	६४	१:३२
२२	श्री विष्णु आधारभूत विद्यालय, वलीडाँडा महावु ५	१	०	१	०	०	०	२	२	४३	१:२२
२३	श्री भैरव माध्यमिक विद्यालय, रानिवन महावु ६	४	०	५	०	१	०	१०	१०	३०१	१:३०
२४	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, एकपाटे महावु ६	२	१	१	०	०	०	४	४	५१	१:१३
२५	श्री शिव हिमालय आधारभूत विद्यालय, लामिडाँडा महावु ६	३	०	०	०	०	१	४	४	१०९	१:२७
२६	श्री कैलाश आधारभूत विद्यालय, उतिसेनी महावु ६	३	०	०	०	०	०	३	३	३२	१:११
२७	श्री गणेश आधारभूत विद्यालय, सिमलडाँडा महावु ६	१	०	०	०	०	०	१	१	२१	१:२१
२८	श्री कालिका माध्यमिक विद्यालय, टाकुरी महावु ६	३	०	२	०	३	०	८	८	२३०	१:२९
२९	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टाकुरी महावु ६	३	०	०	०	०	०	३	३	६३	१:२१
	जम्मा	**८१**	**६**	**५४**	**८**	**८**	**९**	**१६६**	**१६६**	**४६७२**	**१:२८**

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:५२ र न्युनतम १:८ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ३५ वटा सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेको देखिन्छ। पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी भौगोलिक अवस्थिति आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानुनबमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालय समायोजन र तल्लो कक्षामा घटुवा गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८८ विद्यालयगत निकासा खाता

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

८९ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन। वडागत रुपमा विद्यालयको नामको सम्पति जमिन र भवन संरचनाको उपयोगको अवस्था र स्वामित्व तथा फर्निचर, ल्याव सामाग्री र प्रयोगशालाको सामानको मुल्य समेत खुलेको स्पष्ट अभिलेख राखी शिक्षक अभिलेखको अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको यकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९० विद्यालयको अन्तिम लेखापरीक्षण

शिक्षा नियमावली,२०५९ (संशोधनसहित) को नियम १७१(१) मा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष शिक्षा विकास तथा समन्वय इकाइ (स्थानीय तह) बाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। सामाजिक परीक्षण, विद्यालय तथ्याङ्क व्यवस्थापनका तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यहरु गर्नका लागि आधारभूत तहका लागि रु.१०,००० र माध्यमिक तहका लागि रु.१५,००० अनुदान दिने व्यवस्था छ। तर पालिकाभित्रका सामुदायिक विद्यालयले सामाजिका परिक्षण र अन्तिम लेखापरीक्षण गराएको पाईएन। तसर्थ पालिकाले यस सम्बन्धमा कडाईका साथ निर्देशन गरी समयमै तोकिएको कार्य सम्पन्न गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ।

९१ तालिम तथा कार्यक्रम सञ्चालन

तालिम, गोष्ठी, सेमिनार लागायतका कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ। पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्सको पूर्ण रुपमा पालना गरेको छैन। कार्यक्रम सञ्चालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुती, संयोजक भत्ता, सहभागी भत्ता र प्रशिक्षक भत्ता लगायतका खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ। पालिकाबाट सञ्चालित एक अर्को कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिदा कार्यक्रम खर्च मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रममा भएको खर्चको वास्तविकता समेत पालिकाबाटै पुष्टि गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ।

९२ २३५-२०८२।३।११ स्यानिटरी प्याड

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा कुनै पनि सामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान, विवरण, परिमाण र क्षेत्र ऐकिन गर्नुपर्ने, खरिद योजना तयार, खरिद लागत अनुमान तथा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने, कार्यक्रम कार्यान्वयन कार्यविधि पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या एकिन गरी मापदण्डबमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क स्यानीटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका ११४८ छात्रा विद्यार्थीका लागि ११,१०० थान स्यानीटरी प्याड सोझै खरिद (कोटेशन) बिधिबाट प्रति स्यानीटरी प्याडको रु.९० (मुल्य अभिवृद्धि करसहित) मा खरिद गरी सरोबर विजनेश लिंक प्रा.लीलाई रु.९,९९,०००।- (मुल्य अभिवृद्धि करसहित) भुक्तानी दिएको छ। पालिकाले खरिद गरेका स्यानीटरी प्याड विद्यालयहरुलाई वितरण गरेको भरपाईसमेत पेश गरेको छैन। स्यानीटरी प्याडको विद्यालयमा प्रयोग र भण्डारणको अवस्थाकोसमेत अनुगमन गरेको छैन। पालिका र विद्यालयमा मौज्दात रहेको प्याडको सङ्ख्यासमेत एकिन छैन। तसर्थ पालिकाले यस सम्बन्धमा मौज्दात, प्रयोग र भण्डारणको अवस्थाको बारेमा अनुगमन गरी खरिदको उचित विधिको प्रयोग र आर्थिक वर्षको अन्तमा गर्ने खरिद नगर्नेतर्फ ध्यान दिनुपर्छ।

९३ सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११ को उपक्रियाकलाप नं ६.७ मा नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ड पुरा भएका सामुदायिक सिकाइ केन्द्रहरुलाइ वार्षिक एकमुष्ठ रु.३,००,०००।- अनुदान दिने र सोबाट सामाजिक परिचालिकाको तलब भत्तामा रु.१०,०००।- का दरले १३ महिनाको रु.१,३०,०००।- र बाकि रकम रु.१,७०,०००।- प्रस्तावित कार्यक्रम र सिकाई केन्द्र व्यवस्थापनमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्र सञ्चालनमा रहेका तीनवटा सामुदायिक केन्द्रका सहजकर्ताको पारिश्रमिकबापतको रु.३,९०,०००।- गोश्वारा भौचर नं २०-२०८१।६।९, ६७-२०८१।९।२२, १२०-२०८१।१२।२१ र २२५-२०८२।३।१० बाट निकासा दिएको छ। पालिकाले मालिका सामुदायिक सिकाई केन्द्रले पेश गरेको प्रस्तावना स्वीकृत गरी मालिका सामुदायिक सिकाई केन्द्रलाई गोश्वारा भौचर नं ३४२-२०८२।३।२४ बाट रु.४,१०,०००।- निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को मापदण्डबमोजिम प्रति सामुदायिक सिकाई केन्द्र रु.३,००,०००।- मात्र अनुदान

दिन सकिनेमा मापदण्ड विपरित पालिकाले मालिका सामुदायिक सिकाई केन्द्रलाई सहजकर्ताको पारिश्रमिकबापतको रु.1,3०,०००।- समेत रु.५,४०,०००।- निकासा दिएकोले बढी निकासा दिएको रकम रु.२,४०,०००।- सम्बन्धित सिकाई केन्द्रबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,४०,०००

९४ करार शिक्षक

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारको योजना कार्यान्वियन गर्न प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. २०७७।७८, च. नं. ५६३ मिति २०७८।३।३० को वित्तीय समानीकरण अनुदान प्रयोग सम्बन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प. सं. २०७७।७८, च. नं. १२१ मिति २०७८।३।२७ को परिपत्र र मिति २०७८।३।२५ को निर्णयबमोजिम वित्तीय समानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ। स्थानीय तहमा कार्यरत स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलब भत्ता सशर्त अनुदानबाट प्राप्त हुने र साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका तथा कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि पालिकाको आन्तरिक आयस्रोतका आधारमा सहयोग अनुदान दिन सकिने छ। IEMIS विवरण अनुसार पालिकाभित्रका ३५ वटा सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा ४६७२ विद्यार्थी, ९५ स्वीकृत शिक्षक दरवन्दी, ५४ राहत दरवन्दी र १७ संघीय शिक्षण सहयोग अनुदान गरी १६६ शिक्षक दरवन्दी रहेको छ। पालिकाको शिक्षक दरवन्दी अनुपात १:२८ रहेको देखिन्छ। पालिकाको आन्तरिक आयसमेत रु.७४,९९,८१८।- मात्र रहेको अवस्थामा पालिकाले ६३ जना शिक्षकलाई करारमा नियुक्ती गरी वित्तीय समानिकरण अनुदानबाट रु.१,४८,५४,६३९।- विद्यालयलाई निकासा दिएको छ। पालिकाले दरवन्दी मिलान, विद्यालय समायोजन र कक्षा घटुवामा अग्रसरता नदेखाई गत विगतदेखि नै तलब भत्ता भुक्तानी गरेको देखिन्छ। तसर्थ पालिकाले रणनितिक गाउँ शिक्षा योजना निर्माण गरी सम्पुर्ण शैक्षिक सरोकारवालाहरुको सहभागितामा विद्यालय समायोजन तथा दरवन्दी मिलान गर्नेतर्फ ध्यान दिई आवश्यकता, भुगोल र औचित्यसमेतलाई आधार बनाई वित्तीय समानिकरण अनुदान क्रमिकरुपमा कम गर्दै यस प्रकारका अनुदान पुँजीगत खर्चमा गर्नेतर्फ ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

९५ प्रशिक्षक भत्ता

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९६ अपाङ्गताको प्रारम्भिक पहिचान

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.३०२ को उपक्रियाकलाप १५.७ मा बालबालिकाहरुको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) लागि बालकक्षादेखि ३ कक्षासम्म अध्ययन गर्ने विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रु.१०० का दरले अनुदान दिने र अनुदानबाट Disability Module मा अध्ययनरत बालबक्षादेखि कक्षा ३ सम्मका विद्यार्थीको विकसित प्रश्नको प्रयोग गरी अपाङ्गताको प्रारम्भिक पहिचान गरी EMIS मा प्रविष्ट गर्न EMIS सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारी वा प्रधानाध्यापक मध्ये एक जनालाई कम्तीमा दुई दिने क्षमता

विकास तालिम सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न पाउने व्यवस्था छ। पालिकाले यस क्रियाकलापका लागि १८५४ विद्यार्थीका लागि प्रति विद्यार्थी रु.१०० का दरले रु.१,८५,४००।- खर्च गर्नु पर्नेमा रु.२,१०,८५०।- गरेको छ। तसर्थ कार्यविधिविपरित बढी खर्च गरेको रु.२५,४५०।- संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,४५०

९७ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान (३४१-२०८२।०३।२४)**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९८ **छात्रवृत्ती अनुदान (१३८-२०८१/१२/२६)**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५५,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९९ **न्यानो झोला कार्यक्रम(३५३-२०८२।३।२५)**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा पालिकाभित्र प्रसुति हुन सक्ने महिलाको सङ्ख्या अनुमान गरी न्यानो झोला खरिद गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गतवर्ष को मौज्दात २७५ थान न्यानो झोला रहेकोमा यसवर्ष ३०० थान न्यानो झोला रु.२६७८१०।- मा खरिद गरेको पाइए पनि यसवर्ष २३५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

१०० **दिवा खाजा (७५-२०८१।९।२४, २६९- २०८२।३।१५ र ३०२-२०८२।३।२०)**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **१०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **१३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रु **३७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **४,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०१ **पाठ्यपुस्तक अनुदान (१२१-२०८१।१२।२१, २३२-२०८२।०३।१० र ३०१-२०८२।०३।२०)**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुका लागि आर्थिक वर्षको प्रथम त्रैमासिक र कक्षा १-१० का विद्यार्थीहरुका लागि तेस्रो त्रैमासिकभित्र IEMIS मा प्रविष्ट विद्यार्थी सङ्ख्याको आधारमा ७५ प्रतिशत अनुदान दिने र नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको बिल भरपाइको यकिन गरी पाठ्यपुस्तकको खरिद गरेको रकम नपुग भएमा दोस्रो पटक बिल भरपाईका आधारमा २५ प्रतिशतसम्म थप अनुदान दिने व्यवस्था छ। पालिकाले पालिकाभित्र रहेका ३५ सामुदायिक विद्यालयहरुलाइ निशुल्क पाठ्यपुस्तक खरिदका लागि रु.२९,६४,५८४।- निकासा दिएको छ। पालिकाले पाठ्यपुस्तकको अनुदान उपलब्ध गराउदा परीक्षामा सहभागी भएको विद्यार्थी सङ्ख्या र भर्नाको तुलनात्मक तथ्याङ्कोसमेतको आधारमा खर्चको यकिन गरी पाठ्यपुस्तकको बहुउपयोगको व्यवस्थापन गर्नुपर्दछ। नमूना छनौटका आधारमा केहि विद्यालयहरुको पाठ्यपुस्तक खरिद गरेको बिल, IEMIS को विद्यार्थी सङ्ख्या, परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या र पाठ्यपुस्तक वितरण गरेको भरपाई परीक्षण गर्दा श्री जयन्ती माध्यमिक विद्यालय, खरिगैरामा रु.२८,६७५।- बढी भुक्तानी भएकोले सम्बन्धित विद्यालयबाट बढी भुक्तानी भएको रकम रु.२८,६७५।- असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,४२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१२,९१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,२३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,९६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,२६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,०७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१०,००७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१,०७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२८,६७५

१०२ **सभा सञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष गाउँ सभा सञ्चालनका लागि रु. ५,००,०००.०० भत्ता वितरण, खाना, खाजा, चिया, नास्ता, ब्याग खरिद तथा स्टेशनरी सामान खरिद लगायतको भुक्तानीमा रु. ४,९५,४२३.०० खर्च गरेको छ । सभा संचालनको लागि अत्यावश्यक खर्च मात्र भुक्तानी गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

१०३ **पदाधिकारी बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१०,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१४,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१५,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०४ **फरक शिर्षकबाट खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२)(क) मा स्वीकृत वजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको छ भने त्यस्तो खर्च गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष निम्न शिर्षकबाट खर्च लेख्नुपर्ने रकम फरक शिर्षकबाट खर्च लेखेको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

गो.भौ.नं. र मिति	भुक्तानी पाउने	खर्च हुनुपर्ने शिर्षक	खर्च भएको शिर्षक	रकम
५३८।०८२।२।२	कौशल ईन्टरप्राईजेज	मेशिन औजार खरिद	न्यायिक समिति व्यवस्थापन	१७०७९९
५७१।०८२।२।२२	महाबु डिजे,पेट्रोल अर्डर एण्ड सप्लायर्स	ब्याकहो लोडर ईन्धन	कार्यालय ईन्धन	२६३०६८
६३७।०८२।३।५	कर्णाली ईन्टरप्राईजेज एण्ड सप्लायर्स	मेशिन औजार खरिद	अन्य कार्यालयको खर्च	१४३८४९
६९५।०८२।३।८	एस.पी.अर्डर सप्लायर्स	कार्यालय तथा मसलन्द	टोल विकास समिति	५००००
६९७।०८२।३।८	ग्लोवल फोटो स्टुडियो एण्ड आर्ट	कार्यालय तथा मसलन्द	विविध खर्च	३१०००
	लक्ष्मी पुस्तक स्टोर्स एण्ड अर्डर सप्लायर्स	कार्यालय तथा मसलन्द	विविध खर्च	१८०००
९१६।०८२।३।२१	दिपेश होटल	विविध खर्च	पानी तथा विजुली	१३५००
८९९।०८२।३।२१	गाडीधनी प्रेम बहादुर गुरुङ्ग	गाडी भाडा	पदाधिकारी सुविधा	५००००
जम्मा				**७४०२१६**

अनियमित भएको	७,४०,२१६

१०५ सामाजिक सुरक्षा वितरण भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारका सामाजिक सुरक्षा भत्ता वितरण गर्दा छुटै खाना तथा खाजा खर्च गरी थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. र मिति	विवरण	भुक्तानी
३६५।०८१।११।२१	सामाजिक सुरक्षा भत्ता वितरण गर्न ५ जनालाई रु.२००।का दरले नगद खाना र खाजा खर्च।	७८९००
६८३।०८२।३।८	सामाजिक सुरक्षा भत्ता वितरण गर्न ५ जनालाई रु.२००।का दरले नगद खाना र खाजा खर्च।	९५५००
जम्मा		**१७४४००**

अनियमित भएको	१,७४,४००

१०६ खर्चमा मितव्यियता :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०६(१) बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनःप्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाईने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथ जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलामी गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया सुरु गर्नु पर्नेछ।पालिकाले X Plusar मोटरसाईकल नम्बर क.प्र.०२००१ ब ४९५ को आर्थिक वर्ष २०८१।८२ मा मर्मत खर्च रु.१,२९,५९०।- र आर्थिक बर्ष २०८०।८१ मा मर्मत खर्च रु.८९,४४५।- गरी रु.२,१९,०३५।- मर्मत खर्च गरेको छ।उक्त मोटरसाईकलको बजारमूल्य भन्दा ५० प्रतिशत बढी खर्च भएकोले पालिकाले यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ।

१०७ अन्य कार्यालयको खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालय तथा कार्यालय मातहतका निकायहरुलाई मासिक रुपमा निम्नानुसारको विभिन्न प्रकारको खर्चको बिल भुक्तानी गरी आर्थिक सहायता दिएको छ।अन्य सरकारी कार्यालयलाइ आर्थिक सहायता गर्दा तालुक निकायका मन्त्रालयको स्वीकृती निलिई पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन।यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका

कार्यालयहरुलाई ईन्धन तथा देहाय वमोजिमका शिर्षक तथा कार्यक्रममा रु.२,७८,५८१।- आर्थिक सहायता गरेको देखिन्छ।यसरी छुट्टै वजेट व्यवस्थापन भै स्थापना भएका कार्यालयहरुमा तालुक मन्त्रालयको स्विकृती वेगर खर्च गरेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम	विवरण	खर्च रकम
४८९।०८२।१।१४	आचार्य भाडा पसल एण्ड अर्डर सप्लायर्स	काशिकाँध प्रहरी चौकीका लागि कुकर, चुलो खरिद	१४१३४
४९१।०८२।१।१४	प्रहरी राम बहादुर बढा क्षेत्री	मोटरसाईकल मर्मत	१०५००
५३६।०८२।२।२	डाँफे अटो पार्टर्स एण्ड सप्लायर्स	गैडाबाज प्रहरी चौकीका मोटर साईकल मर्मत	२५७००
१०११।०८२।३।२५	न्यू काके विहार अटो पार्टस एण्ड सप्लायर्स	काशिकाँध प्रहरी चौकी मोटर साईकल मर्मत	१७८००
६९।०८१।७।३	बडावन कृषि तथा पशुपंछी फर्म	गैडाबाज प्रहरी चौकीका लागो बोको खरिद	१५०००
७३।०८१।७।३	मधुवन फर्निचर उद्योग	गैडाबाज प्रहरी चौकीका लागि टेबल, दराज, बेन्च,चेयर खरिद।	९९६६६
२३७।०८१।१०।७	मधुवन फर्निचर उद्योग	गैडाबाज प्रहरी चौकीका लागि कार्पेट, बोर्ड, कुर्सी,पाईप, पर्दा खरिद।	९५७८१
जम्मा			**२७८५८१**

१०८ **विद्युत मर्मत खर्च (९९१।०८२।३।४)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।गाउँपालिकाभित्र विद्युत मर्मतको विभिन्न कार्य गरेवापत मिस्त्री दिपक कुमार थापालाई रु.१,००,०००।- भुक्तानी गरेको छ।पालिकाभित्र कुन काम कति दिन गरेको, विद्युत मर्मतको आदेश र अभिलेख नभएको, काम गरेको डोर हाजरी पेश नभएको र सम्झौता नभएको साथै खर्च पुष्टि हुने अन्य आधार पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

१०९ **लोकसेवा कक्षा संचालन (५९६।०८२।२।२८)**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ।पालिकाले लोकसेवा कक्षा संचालन वापत बिजहम आईटी सर्भिस प्रा.लि. लाई रु.३,४९,०३४।- भुक्तानी दिएको छ।पालिकाभित्र लोकसेवा कक्षा संचालन गर्दा आवश्यकता, लागत अनुमानको स्वीकृति, विद्यार्थीको छनौट प्रक्रिया, कक्षा संचालनबाट प्राप्त उपलब्धि, दररेट वास्तविक आधार नराखी ४२ जना विद्यार्थीलाई Online र रिकोर्डेड भिडियो कक्षा लिएको देखियो।यसरी लागत अनुमान, छनौट प्रक्रिया, वास्तविक लागत नखुलाई विलको आधारमा खर्च गरेको देखिन्छ । पालिकाले तालीम संचालन गर्दा लागत अनुमान स्वीकृत गर्नुपर्ने र छनौट मापदण्ड निर्धारण गरी तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

११० **प्रशिक्षक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४७,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१११ **सवारी साधन मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मर्मत तर्फ रु. २७,५०,०००. बजेट विनियोजन गरी रु.२७,४४,२६२.४२ खर्च गरेको छ। सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तयार गरेको छैन। तथापी मर्मत संभार तथा संरक्षण अभिलेख खातामा जनाई मर्मत गरेको छ तथापी विगत वर्षदेखी उक्त सामाग्रिमा भएको मर्मतको एकमुष्ठ अभिलेख तयार गरेको छैन भने फेरिएका मालसामान प्राप्त गरी जिन्सी आम्दानी गरेको छैन। नियमावलीमा भएको व्यवस्थाको पालना गरी मर्मत खर्च गर्नुपर्दछ ।

११२ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.१६,९३,०००.०० बजेट विनियोजन गरी रु.१६,५९,४४४. खर्च गरेको ।पालिकाको कुल विविध खर्च आन्तरीक आय रु.७४,९९,९४३.७५. को तुलनामा २२.१३ प्रतिशत रहेको देखिन्छ ।पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा विविध खर्च न्युनिकरण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

११३ मोबाईल खरिद

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा खर्च गर्दा मित्व्ययीता अपनाउनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसारको मोवाइल खरिद गरी महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वितरण गरेको छ । पालिकाले यसरी मोबाईल खरिद गरी वितरण गरेको नियम सम्मत नदेखिएको रु.

गो.भौ.नं र मिति	भुक्तानी पाउने	विवरण	रकम
८९१।०८२।३।२०	कौशल ईन्टरप्राईजेज	Benco ९० plus(4/64), ९ थान	९९८९९
९३५।०८२।३।२२	एम.एम.अर्डर एण्ड सप्लायर्स	Red Mi A5(4/128), ८ थान	९९८९२
जम्मा			**१९९७९१**

अनियमित भएको	१,९९,७९१

११४ इन्धन खर्च

पालिकाको १ ब्याक्होलोडर, २ वटा चार पाँग्रे सवारी तथा १४ मोटरसाइकल चालु हालतमा रहेकोमा सोमा ईन्धनको भुक्तानी गर्दा कार्य संचालन निर्देशिका २०७९ वमोजिम तय भएको इन्धन खर्चको मापदण्ड बमोजिम रु.३०,६०,०००. बजेट कायम गरी ईन्धन शिर्षकवाट रु.३०,२२,२५५. खर्च गरेको छ। पालिकाले पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड समेत तयार गरेको जनाएतापनी सो मापदण्ड वमोजिम ईन्धन खर्च भएको देखिदैन। पालिकाले प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : महावु गाउँपालिका, दैलेख , महाबू गाउँपालिका , दैलेख

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	उदय राज उपाध्याय	२०७९-४-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	खगेन्द्र कुमार बि सि	२०७६-९-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६,९१०,६२१.६३	२५,८०९,९९३	५,०८८,५४२.४९	०	०	१३,३४३,९७१
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					५१,१५३,१२८.१२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१६,२३०,०६१.४९
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३४,९२३,०६६.६३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३०३५४५९.२४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४०१५८७३६६.७१	**चालु खर्च**	३७५६४७८३२.७१
प्रदेश सरकारबाट अनुदान	५००२२८९५	**पूँजीगत खर्च**	१३६७९८६५९.८२
राजश्व बाँडफाँट	८०१४९९११.५२	**वित्तीय/अन्य व्यवस्था**	४४६५७५९६.०२
आन्तरिक आय	७४९९८१८.३५		
अन्य आय	२३६१२०००.२		
कुल आय	५६२८७१९९१.७८	**कुल खर्च**	५५७१०४०८८.५५
बाँकी मौज्दात		२८८०३३६२.४७	

अनुसूची - २

बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सिन	योजनाको विवरण	खर्च शिर्षक	बजेटको स्रोत	बजेट	खर्च
१	वडाकार्यालय भवन निर्माण महावु गाउँपालिका -६ दैलेख	३१११२	कर्णालीप्रदेश - शसर्त अनुदान पुँजीगत	२००००००.	०.००
२	गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण	३११३५	नेपाल सरकार - समानिकरण अनुदान	१००००००	०.००
३	महाबु शहिद गेट निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	८५००००.	०.००
४	टाकुरीखोला(एकपाटेलामीडाडा) महावु गाउँपालिका दैलेख	३११५१	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत	८०००००.	०.००
५	गाउँपालिकाको सडक गुरुयोजना निर्माण	३११३२	आन्तरिक श्रोत	५०००००.	०.००
६	नयाँवस्ति सडक निर्माण महावु ४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	४०००००.	०.००
७	महाबै देउरो निर्माण महावु ५ बडाबन (गतको भुक्तानी बाकि)	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	४०००००.	०.००
८	गाउँपालिकाको सभाहलका लागि स्मार्ट बोर्ड खरिद	३११२२	कर्णाली प्रदेश - समानिकरण अनुदान	३३३०००.	०.००
९	चुदाराटोल अधुरो सडक निर्माण महावु ६	३११५१	आन्तरिक श्रोत	३०००००.	०.००
१०	गैडाबाज बजारमा सार्वजनिक शौचालय निर्माण महावु ४	३११५८	नेपाल सरकार - समानिकरण अनुदान	३०००००.	०.००
११	जगनाथ मन्दिर र दुई देवल संरक्षण तथा घेरबार महावु ५	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२५००००.	०.००
१२	बुढाटोल माथिल्लो भाव्र सडक निर्माण साविक-७	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	०.००
१३	मुखियाडाँडा बलामी टोल मोटरवाटो निर्माण साविक ५	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	०.००
१४	तल्लो बडावन सल्लेरी सडक निर्माण साँजुसल्लेरी	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	०.००
१५	गाउँपालिका तथा स्वास्थ्य चौकिहरुमा स्तनपान कक्ष निर्माण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	२०००००.	०.००
१६	आर्यघाट व्यवस्थापन साझेदारी	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	०.००
१७	मालिका मा.वि. कक्षाकोठा व्यवस्थापनका लागि फर्निचर खरिद	३११२३	नेपाल सरकार - समानिकरण अनुदान	१५००००.	०.००
१८	जुकेपानी खानेपानी धारा निर्माण महावु १	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
१९	सामुदायिक वनको सहकार्यमा वृक्षारोपण कार्यक्रम	३११५७	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
२०	पानी घट्ट संरक्षण	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
२१	अमार्से खानेपानी निर्माण साविक ३	३११५६	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
२२	घोगिडाँडा गैराघर सडक सोलिङ्ग कार्य महावु ४	३११५१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
२३	पञ्चवली मन्दिर मर्मत तथा व्यवस्थापन	३११६१	नेपाल सरकार - समानिकरण अनुदान	१०००००.	०.००
२४	विरौटा मिचाल खेत सिँचाई पाईप खरीद	३११५९	नेपाल सरकार - समानिकरण अनुदान	९७५००.	०.००
२५	बाल स्वास्थ्य मातृ तथा नवजात शिशु-स्वास्थ्य सम्बन्धी जनचेतनामूलकसूचना प्रसारण	३११३५	नेपाल सरकार - विषेश अनुदान पुँजीगत	५००००.	०.००

बेरूजु दफा ७१.५ सँग सम्बन्धित विवरण - अनुसूची -४

क.सं.	योजनाको नाम	कुल लागत	स्रोतगत लागत			भुक्तानीकोविवरण			परियोजनाबाट भुक्तानीहुनुपर्ने रकम
			परियोजना	पालिका	उपभोक्ता समिति	परियोजना	पालिका	कुल भुक्तानी	
१	भावरसुधारिएको पानी घट्ट योजना	८४०९७८	४२०४८९	१६८१९६	२५२२९३	२२०७५७	७३५८५	२९४३४२	२१०२४५
२	तारचौरकृषि संकलन केन्द्र	१६१४४६१	९६८६७७	३२२८९२	३२२८९२	४८४३३९	१६१४४६	६४५७८५	४८४३३८
३	ताराचौरलिफ्ट सिचाइ योजना	७६५२९९२	४५९१७९५	१५३०५९८	१५३०५९८	२२९५८९८	७६५२९९	३०६११९७	२२९५८९८
४	कटुसेनीसामुदायिक वन रिचार्ज पोखरी योजना	१४१०५८६	७०५२९३	२८२११७	४२३१७६	0	४९३७०५	४९३७०५	३५२६४७
५	घट्टेखोलावाजकटिया सिंचाइ योजना	४०४०२९५	२०२०१४८	८०८०५९	१२१२०८९	१०२८३१८	३८५७८४	१४१४१०२	१०१००७४
६	चुच्चेढुङ्गा ताकमारे सिंचाइ योजना	४१०१२३४	२०५०६१७	८२०२४७	१२३०३७०	१०७६५७४	३५८८९८	१४३५४७२	१०२५३०९
७	ठुलाखोलासुधारिएको पानी घट्ट योजना	११४२५३१	५७१२६६	२२८५०६	३४२७५९	२९९९१५	९९९७१	३९९८८६	२८५६३३
८	राउचेनसुधारिएको पानी घट्ट योजना	२०३२४८७	१०१६२४४	४०६४९७	६०९७४६	५३३५२८	१७७८४२	७११३७०	५०८१२२
९	ठाडोखोलातारामी टोल सिचाइ योजना	१०३१४७०९	५१५७३५५	२०६२९४२	३०९४४१३	३३३८२२८	०	३३३८२२८	२५७८६७७
१०	कोल्डाडियासेरा सिचाइ योजना	२९१७५०७	१४५८७५४	५८३५०१	८७५२५२	७६५८४६	२५५२८२	१०२११२८	७२९३७७
११	नयाँ बस्तीखानेपानी योजना	१४७३१०५	७३६५५३	२९४६२१	४४१९३२	३९६५९७	१३२१९९	५२८७९६	३६८२७६
जम्मा		**३७५४०८८५**	**१९६९७१८८**	**७५०८१७७**	**१०३३५५२०**	**१०४४००००**	**२९०४०११**	**१३३४४०११**	**९८४८५९४**

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी प्राप्त गर्नुपर्ने आय र बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।